# परिवर्तन गाउँपालिका बार्षिक समिक्षा
# आर्थिक बर्ष 2080-081

- **संघिय सरकार वाट प्राप्त शसर्त समपुरक र बिषेश अनुदान बजेट र फिर्ताः**
- जुन शिर्षकमा प्राप्त भयो सोहि शिर्षकमा खर्च गर्नुपर्ने भएकाले असार मसान्त भित्रै संघिय सरकारको खातामा फिर्ता गर्नुपर्ने हुन्छ। त्यसैले आर्थिक वर्ष २०८०/०८१ मा संघिय सरकारवाट प्राप्त रकम मध्य खर्च हुन नसकी जम्मा रकम रु १,८१,७३,२५०।९५ फिर्ता भएको थियो । जसमध्य स्थास्थ्यकर्मिको तलव भत्ता, सामुदायिक विद्यालयमा प्रतिविद्यार्थिको आधारमा निकासा हुने दिवाखाजा, छात्रबृत्ति, पुर्वाधारतर्फ टेन्डर प्रक्रियावाट भएका कामहरुमा बचत हुन आएको रकम र केहि शिर्षक वाट तोकियको काम समापन भइ वचत हुन आयको रकम रहेको छ ।
- जस्तैः मुख्य मुख्य रकम बचत भएका शिर्षकहरुः
- १. स्वास्थ्यकर्मि तलव भत्ताः रु ६८,०९,९८९।९२

  २. कृषि स्नातक करारः रु ५,००,०००।००

  ३. प्रारम्भिक वाल विकास सहजकर्ता तलवः रु १५,५७,२५१।००

  ४. निशुल्क पाठ्यपुस्तकः रु ३,२९,६४१.१०

  ५. रो. स. प्रा.स तथा रो. सा को स्थानिय भत्ताः रु २,८५,६८०।००

  ६. साझा सुविधा केन्द्रः रु ५,००,०००।००

  ७. दिवा खाजाः रु २३,६४,९५०।००

  ८. शैक्षिक शुसानका लागी सस्थागत क्षमता विकासः रु ९,५८,२६०.००

  ९. कृषि पशुपन्छि तथा कृषि अध्यावधिक कार्यक्रमः रु १,००,०००।००

  १०. मातृ तथा नवशिशु कार्यक्रमः रु ८,०१,०५०।००

  ११. छात्रबृत्तिः ४,३९,२६६।००

  १२. टेन्डर वाट सञ्चालित योजनाः रु २४,४६,१३१।७९

# परिवर्तन गाउँपालिका बार्षिक समिक्षा
# आर्थिक बर्ष 2080-081

## आर्थिक बर्ष २०८०/०८१ का सवल पक्ष

१. बजेट कार्यान्वयनको चरणमा आगामि आ.ब को लागी भुक्तानी दिन कुनै पनि दाइत्व बाँकी नरहेको ।
२. बजेट किताव तथा सम्झौता वुक निर्माण भइसकेकोले बजेट भुक्तानिमा पहिले भन्दा केहि सहज भएको ।
३. सम्पुर्ण आर्थिक कारोवार इएफटी मार्फत भएकोले चेक तथा बैङ्क लेटर को झन्झट नभएको । तथा हिसाव भिडानमा सहजता भएको ।
४. गाउँपालिकाको सम्पुर्ण आन्तरिक रावश्व सुत्र प्रणाली मार्फत संकलन भएकोले राजश्व संकलन बस्तुनिष्ठ तथा यथार्तपरक रहेको ।
५. चालु खर्चको तुलनामा पुजिगत खर्च प्रतिशत उच्च रहेको।
६. आर्थिक वर्ष २०८०/०८१ देखि सम्पुर्ण दाइत्व, कर्मचारी सञ्चयकोष, योगदानमा आधारित उपदान कोष हरु सुत्र प्रणालिमा लिङ्केज भइ अनलाइन मार्फत भैरहेको र वीमा तथा नागरिक लगानीकोष लाइ पनि शुत्र प्रणालीमा लिङ्केजको लागी शुत्र डेभलपर तयारीमै रहेको ।
७. सामाजिक सुरक्षा भत्ता आ.ब. २०८०/०८१ को दोश्रो किस्ता वाट अनलाइन प्रणालीमार्फत नै भुक्तानी भैरहेको ।

# परिवर्तन गाउँपालिका बार्षिक समिक्षा
# आर्थिक बर्ष 2080-081

## केहि समस्याहरु

१. विशेष गरेर विभिन्न शाखा तथा योजनाको कामहरु काम समाप्त पश्चात भुक्तानीको लागी असार मसान्त नै कुर्ने गरेको ।

२. योजना भुक्तानीको लागी कागजातको पाटो लाइ प्राथमिकतामा नराखिएको (काम सँगसँगै कागजात हरु तयार नगरिएको ।)

३. विभिन्न पकेट क्षेत्र क्रमागत योजना तथा विभिन्न संस्थागत भुक्तानीमा बैङ्क खाता kyc अपडेट नगरि भुक्तानी को लागी फाइल बढाउदा भुक्तानी रिजेक्ट हुने गरेको ।

४. शाखागत तथा वडा गत रुपमा भुक्तानी प्रकियाको लागी अघाडि वढाइएका कुनै फाइलमा केहि प्रक्रियागत त्रुटी हुने गरेको ।

५. बजेट शिलिङ अनुशार बजेट निकासा नहुदा भुक्तानी प्रक्रियामा केहि जटिलता भएको र कुनै योजनाहरु कटौति गर्नुपर्ने अवस्था रहेको ।

६. विभिन्न समयमा सफ्टवेयर समस्या तथा इन्टरनेट समस्याले गर्दा सेवा ग्राहिलाइ सेवा प्रवाहमा केहि ढिला हुदा सेवा प्रदायकले स्पष्ट पार्नुपर्नेमा यसो हुन नसकी विभिन्न टीकाटीप्पनी सुनिने गरेको ।

“सेवा ग्राहिको सन्तुष्टीनै सेवा प्रदायकको सफलता हो”

**धन्यवाद!!!**

# परिवर्तन गाँउपालिका बार्षिक समिक्षा कार्यक्रमको प्रस्तुतीकरण







## नमस्कार

# स्वागतम

विकाश विक्रम आले मगर

वातावरण सरसफाइ तथा विपद ब्यवस्थापन साखा

# परिवर्तन गाँउकार्यपालिकाको कार्यालयको वार्षिक समिक्षा सम्बन्धी

## आ.व.२०८०।०८१को बार्षिक समिक्षा कार्यक्रम

परिवर्तन गाँउपालिका, लुम्विनी प्रदेश

स्थान :परिवर्तन गाँउपालिका, पुतलाचौर,रोल्पा

मिति :२०८१ भाद्र ६गते

वातावरण सरसफाइ तथा विपद व्यवस्थापन साखा

# कार्यक्रमको उद्देश्य तथा विषयबस्तुँहरु

- साखालाई विनियोजन गरेको बजेट बारे प्रस्ताउने ।
- साखाले गरेका कामहरुमा जानकारी गराउने ।
- साखाले काम गर्दा आएका चुनौति तथा समस्याहरु ।
- साखाले भए गरेका कामकाजका फोटो भिडियोहरु प्रस्तुति ।
- साखाले समधानका उपायबाट हल भएका कुराहरुको जानकारी ।
- साखाले दिएको सुझाबका प्रस्तुति पक्षहरु ।
- जिज्ञासाका पाटाहरु ।

# विनियोजन गरिएका बजेटका शिर्षकहरु

- वातावरण सरसफाइ तथा विपद व्यवस्थापन साखाको कार्यक्रमको लागि रु १००००००
- प्राकृतिक प्रकोप राहतकोषको लागि रु २००००००
- ५न वडाभरी बृक्षारोपन कार्यक्रमको लागि रु १५००००

रु१००००००बाट ब्रेक गरिएको कार्यक्रमको शिर्षकहरु

- विपद व्यवस्थापन सम्बन्धी अभिमखिकरण कार्यक्रमको लागि रु १५०००००
- विपद व्यवस्थापन सम्बन्धी आवश्यक सामाग्री खरिदको लागि रु ४०००००
- वृक्षारोपन कार्यक्रमको लागि रु३०००००
- कार्ययोजना कार्यविधि गोष्ठि तालिमको लागि रु १५००००

# कामको विवरणहरु

- विपद व्यवस्थापन सम्बन्धि अभिमखिकरण कार्यक्रम परिवर्तन गाँउपालिकाका ६वटै वडामा विशेषगरी टोलविकास र जनप्रतिनिधीहरुलाइ दिएर सम्पन्न गरिइएको ।
- ५न वडाभरी वृक्षारोपन कार्यक्रम अर्न्तगत विरुवा खरिद र बृक्षारोपन कार्यलाई सहकार्य एव समन्वयकारी भुमिका निर्वाह गरिएको ।
- बाताबरण विपद साखाबाट गरिने बृक्षारोपन कार्यक्रम अर्न्तगत विरुवा खरिद तथा वितरण गरी सम्पन्न गरिइएको।

# क्रमश ......

- बाढीपहिरो,चत्याङ,हावाहुरी,आगलागी,भुकम्प,दुर्घटना,आर्थिक साहेता जस्ता विविधपक्षका आ ब सम्ममा जम्मा १२० वटा निबेदन गाँउपालिकामा दर्ता भएको र ५२ वटा फाइलहरु कार्यपालिकाको विभिन्न मितिमा निर्णय भए अनुसार सम्बोधन गरिएको।
- भुकम्पबाट आएका निवेदनहरुबाट १७ वटा फाइलहरु अस्थायी आवासका लागि सिफारिस गरिएको र ५१ वटा फाइल विविध कारणले अर्थात वजेट अभावको कारणले सम्बोधन गर्न नसकिएको ।

# क्रमश ……

- विपद व्यवस्थापन सम्बन्धि आवश्यक सामाग्री खरिद गरी वितरण गरिएको ।
- विपदसँग सँम्बन्धित तालिम गोष्ठी कार्ययोजना लगायतका कार्यक्रम विविध कारणले गर्न नसकिएको ।

# कार्यक्रमकाफोटोहरु






# कार्यक्रमकाफोटोहरु











# कार्यक्रमकाफोटोहरु






# कार्यक्रमकाफोटोहरु









# केहिँ फोटोहरु





क्षेति र जोखिम अवस्था

वाताबरण सरसफाइ तथा विपद ब्यवस्थापन साखा

# फोटोहरु












# फोटोहरु













वातावरण सरसफाइ तथा विपद ब्यवस्थापन साखा

# फोटोहरु






# फोटोहरु










चत्याङबाट क्षेति पशु चौपायाहरु

# फोटोहरु









अध्यक्ष उपाध्यक्ष र प्रपख प्रशाकिय
लगायत अन्यबाट विरुवा वितरण

# फोटोहरु










# फोटोहरु



# फोटोहरु



# फोटोहरु



# डाटा विवरण

| शिर्षक | वडा न १ | वडा न२ | वडा न३ | वडा न४ | वडा न५ | वडा न ६ | जम्मा सँख्या | दिएको वजेट | जिल्लामा सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी पहिरो | ९ | ८ | ३ | ५ | ४ | ६ | ३५ | | | |
| हवाहुरी | ३ | ६ | १ | ० | ० | २ | १२ | | | |
| आगलागी | १ | १ | १ | ० | १ | ० | ४ | | | |
| चत्याङ | १ | ० | | ० | ० | ० | १ | | | |
| भुकम्प | ४ | ३ | १४ | ३० | ८ | ९ | ६८ | | | |




वाताबरण सरसफाइ तथा विपद ब्यवस्थापन साखा

# चुनौति तथा समस्याहरु

❖तत्काल उद्दारमा जानुपरेमा आवश्यक जनशक्तिको कमी ।
❖साधन स्रोत र बजेट ब्यवस्थापनमा अभाव ।
❖ स्थानिय कानुन र कार्यविधिको अभाव ।
❖सरोकार पक्षहरु विचमा समन्वय सहकार्यको अभाव ।
❖पुर्व तयारी र व्यवस्थानमा ध्यान दिन नसकेको ।
❖सामान्य दृष्टिले मात्र हेर्ने बुझ्ने गर्ने गरेको ।
❖ प्रविधिमय समयानुकुल तालिमको अभाव ।
❖ प्रभावित व्यक्तिहरुले कागजपत्र मिलाएर आउन नसक्नु

# समधान तथा सुझावहरु

- उद्दारमा तालिमप्राप्त जनशक्तिको ब्यवस्था गनुपर्छ र प्रतिकुलसमयमा तयारी अवस्थामा राख्नुपर्छ ।
- उद्दारमा प्रयाप्त साधन स्रोतको तयारी अबस्थामा राखिराख्नुपर्दछ ।
- राहत कोषमा राहत सँकलन र प्रयाप्त बजेटको व्यवस्था गरेको हुनुपर्छ।
- कार्यन्वयन पक्ष सजिलोको लागि कानुन र कार्यविधि प्रष्ट बनाउनुपर्छ ।
- सरोकार पक्षहरुमा समन्वय र सहकार्य निरन्तर हुनुपर्छ राख्नुपर्छ ।
- विपदकोबेला पुर्व तयारी र सुचना प्रविधिमा विषेश ख्याल गनुपर्छ ।
- विपदलाई जोखिम र जतिल तरिकाले हेरेर तयारी अवस्थामा बस्नुपर्छ ।
- सबै सरोकार पक्षहरुले आफ्नो कर्तव्य र जिम्मेवारी पुर्न पालना गनुपर्छ ।
- अभिमुखिकरण र प्रविधिमय तालिमको व्यवस्था गनुपर्छ ।
- वडा सचिब र वडा अध्यक्षले कागजपत्र रुजुगरि मात्र सिफारिस गर्ने

# स्थलगत अवलोकनका केहि झलकहरु



वडा अध्यक्ष सहितको टोली अनुगमन अबलोकन

# स्थलगत अवलोकनका केहि झलकहरु

खोलामा ग्याविन जाली लगाउँदै गर्दा अनुगमन अबलोकन



# स्थलगत अवलोकनका केहि झलकहरु





अवलो्कन तथा उद्दारमा खतिदै

# हजुरहरुको

# जिज्ञासा केहि

# छ ??

धैर्यताको लागी यहाँहरुलाई

# धन्यवाद ।



वातावरण सरसफाइ तथा विपद व्यवस्थापन साखा

# स्वागतम्

वार्षिक प्रगति प्रतिवेदन प्रस्तुतिकरण २०८१

शिक्षा यूवा तथा खेलकुद शाखा परिवर्तन गा पा रोल्पा

# बार्षिक शैक्षिक प्रगति प्रतिवेदन

यस पालिकामा सामुदायिक ४३ वटा र संस्थागत ४ वटा गरी जम्मा ४७ वटा विद्यालयहरु रहेका छन । जसबाट करिब ६००० (छ हजार) विद्यार्थीहरु लाभानवित भएका छन् ।जसका लागि सामुदायिक विद्यालयहरुमा नेपाल सरकारले थुप्रै लगानी गरेको देखिन्छ । नेपाल सरकारले नेपाल सरकार शोधभर्ना अनुदान ,शोधभर्ना रिण, नेपाल सरकारको लगानी मार्फत विद्यालयको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्षमा सुधार गर्नका लागि विभिन्न शीर्षकमा पठाइएको रकम पालिकाबाट विद्यालयमा निकासा गरी विद्यालयको अवस्थामा सुधार भएको पाइन्छ ।साथै यस परिवर्तन गाउँपालिका बाट पनि प्रत्येक बर्ष विद्यालयको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्षमा सुधार गर्नका लागि विभिन्न शीर्षकमा रकम छुट्याएको छ ।

# प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याएका दस्तावेजहरु

क) बार्षिक कार्यक्रम र बजेट

v_ IEMIS 2080

ग) वि .सु .यो

घ) स्थानीय तहबाट भएका  अनुगमन निरिक्षण प्रतिवेदन

ङ) विद्यालय सुधार योजना

च) सामाजिक प्रतिवेदन /आर्थिक लेखा परिक्षण प्रतिवेदन

# विज्ञान प्रयोगशाला पुस्तकालय र स्कुल बस

शशर्त अनुदानमा प्राप्त हुने र विद्यालयमा शैक्षिक गुणस्तर सुढ़ृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमबाट प्राप्त रकमबाट अधिकाशं मा वि हरुमा विज्ञान प्रयोगशाला ,पुस्तकालय ,आइ सी टि ल्याव आदिको व्यवस्था रहेता पनि सवै विद्यालयहरुमा पर्याप्त रुपमा नभएको पाइन्छ साथै भएकाहरुको पनि पर्याप्त मात्रामा ठाउँ र प्राविधिक दक्ष जनशक्तिको अभाव रहेको छ। विद्यालयमा पुस्तकालयको अवस्था बारेमा भन्नु पर्दा माध्यमिक विद्यालयहरुमा आंशिक रुपमा भएता पनि अपुग नै रहेको र आधारभूत तहमा भने पुस्तकालयको व्यवस्था नै सुरुवात भई  नसकेको स्थिति देखिन्छ। विद्यार्थीको आवतजावत अवस्थालाई सहज बनाउनका लागि स्कुल बसको व्यस्था गरिनुपर्ने भएपनि अहिले सम्म संघीय सरकारबाट नमुना विद्यालयका रुपमा रहेको  श्री ने.रा.नमूना मा..वि परिवर्तन ०५ राङ्कोटमा मात्र २ वटा  बस सेवा सञ्चालनमा आएको छ। भौगोलिक विकटताका कारण सवै विद्यालयहरुमा स्कुल बस सेवा  सञ्चालन हुन र गर्न सकिरहेको अवस्था छैन।

# आ व २०८०।०८१ को संघीय सरकारबाट प्राप्त अनुदान रकम र गा पा बाट प्राप्त रकमको प्रगति विवरण

| क्र स | क्रियाकलाप कोड | क्रियाकलापको नाम | बार्षिक बजेट | खर्च भएको रकम | भौतिक लक्ष | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ! | १.१.३.३ | आधाभूत तहका स्वीकृत दरवन्दीका शिक्षक | 6,22,00,000.00. | 6,22,00,000. | 119 | 100% | |

| | | | | | |
|---|---|---|---|---|---|
| | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक ,राहतअनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (बिशेष शिक्षा परिषद अनतर्गतका शिक्षक/कर्मचारी,प्राविधिक धारका kशिक्षक समेत) | 1,34,00,000 | 1,34,00,000 | 21 | 100% |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१.४.१ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | 1,26,71,000। | 1,11,13,749 | 86 | 87.71% |

| | | | | |
|---|---|---|---|---|
| आधारभूत तह कक्षा ६ देखि ८ मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | 45,15,000. | 45,15,000. | 12 | 100% |

| | | | | | |
|---|---|---|---|---|---|
| २.४.६.१ | सार्वजनिक विद्यालयका विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | 40,11,000. | 37,48900.28 | 5496 | 100% |

| | | | | | |
|---|---|---|---|---|---|
| २.७.१३.१० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | 27,61,000. | 27,19,000 | 43 | 98.47% |

| | | | | | |
|---|---|---|---|---|---|
| ७.२.७.१३.११ | शैक्षिक पहुँच सुनिश्चितता ,अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम - परम्परागत विद्यालय वैकल्पिक विद्यालय,साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत( | 12,50,000. | 11,63,333.33. | 5 | 93.06% |

| | | | | | |
|---|---|---|---|---|---|
| २.७<br>.१३<br>.१३ | विद्यालयमा<br>शैक्षिक<br>गुणस्तर<br>सुदृढीकरण<br>एवम्<br>कार्यसम्पादनमा<br>आधारित<br>प्रोत्साहन<br>अनुदान | 68,<br>96,<br>000<br>. | 68,<br>95,<br>582<br>.04. | 43 | 99<br>.9<br>9<br>% |

| | | | | | |
|---|---|---|---|---|---|
| २.७.१३.५० | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम कक्षा ८ को परीक्षा व्यवस्थापन | 36,12,000. | 36,12,000. | 43 | 100% |

| | | | | | |
|---|---|---|---|---|---|
| ७.२.१.१ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ती -आवासिय तथा ग्रैर आवासिय) | 12,36,000. | 11,56,400. | 2304 | 93.56% |

| | | | | | |
|---|---|---|---|---|---|
| २.७.११.१ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | 1,06,35,000. | 82,70,050. | 3684 | 77.76% |

| | | | | | |
|---|---|---|---|---|---|
| २.७.१३.२३ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनेटरी प्याड व्यवस्थापन | 15,40,000. | 15,33,940.18 | 2482 | 99.60% |

| | | | | | |
|---|---|---|---|---|---|
| २.७.१३.४.९ | कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजिकरयणका लागि शैक्षिक कार्यक्रम | 400000. | 3,66,000. | 43 | 91.5% |

| | | | | | |
|---|---|---|---|---|---|
| २.७.१३.१३. | माध्यमिक तह कक्षा ९ र १० मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | 1,07,91,000. | 1,07,90,999.56. | 17 | 99.99% |

| | | | | | |
|---|---|---|---|---|---|
| २.७.१३.५१ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास , परीक्षा सञ्चालन एवं विद्यार्थी मूल्याङ्कन | 10,82,000 | 1,23,740. | 43 | 11.44% |

| | | | | |
|---|---|---|---|---|
| विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान - गाा पा अनुदान) | 30210680 | 2,44,33,917.29 | 201 | 80.87% |

| | | | | |
|---|---|---|---|---|
| कक्षा १ं देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण र कक्षा १ को पाठ्यपुस्तक छपाइ | 14,00,000 | 13,94,420 | 860 | 99.60% |

| | | | | |
|---|---|---|---|---|
| प्रारम्भिक बाल विकास शिक्षकहरुको क्षता विकास तालिम | 2,00,000 | 1,98,350 | 55 | 99.18% |

| | | | | |
|---|---|---|---|---|
| कक्षा ५ र ८ को परीक्षा सञ्चालन तथा व्यवस्थापन | 8,00,000 | 7,70,200 | 484 | 96.28 |

| | | | | |
|---|---|---|---|---|
| एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली सम्बन्धी तालिम | 2,50,000 | 2,34,690 | 55 | 93.88% |

| | | | | |
|---|---|---|---|---|
| गाउँ शिक्षा समिति र प्र अ बैठक सञ्चालन | 1,50,000 | 1,31,070 | | 87.38% |

| | | | | |
|---|---|---|---|---|
| कुल जम्मा | 17,44,76,380 | 16,28,24,740.08 | | 93.32% |



# हार्दिक स्वागतम

# उद्यम विकास शाखा

## परिवर्तन गाउँपालिका पुतलाचौर, रोल्पा



# आ.व.२०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन

स्थानीय स्रोत साधन परिचालन गरि स्थानीय स्तरमा नै उद्यमशीलता विकास मार्फत रोजगारी श्रृजना गर्ने यस कार्यक्रमको मुख्य उदेश्य रहको छ , त्यसैले त्यही अनुरुप आ.व.२०८०/०८१ मा लघु उद्यम विकास कार्यक्रमबाट सञ्चालन भएका मुख्य मुख्य कामहरुको विवरण प्रस्तुत गर्ने चाहान्छु ।

# अचार सम्बन्धि सिप विकास तालिम

स्थान : परिवर्तन गाउपालिका वडा नं.४ पाछावाङ

सहभागी संख्या : ८ जना

तालिम अवधि : ५ दिन

सामान हस्तान्तरण : कटिङ बोर्ड,चक्कु,चटाई, वितरण



# मसला सम्बन्धि सिप विकास तालिम

स्थान : परिवर्तन गाउपालिका वडा नं.४ पाछावाङ

सहभागी संख्या : ७ जना

तालिम अवधि : ५ दिन

सामान हस्तान्तरण : १६ नम्बरको चाखि, पाउडर क्रसर मिल, वितरण



# जुस उत्पादन सम्बन्धि सिप विकास तालिम

स्थान : परिवर्तन गाउपालिका वडा नं.५ राङकोत

सहभागी संख्या : १५ जना

तालिम अवधि : ३ दिन

सामान हस्तान्तरण : हैड चुसर मेसिन,कराई,बाल्टी,वितरण



# समुहमा प्रविधि हस्तान्तरण कार्यक्रम

स्थान : परिवर्तन गाउपालिका वडा नं.२ राङसी

सहभागी संख्या : १५ जना

समुहको नाम : थामधुरी बाखापालन लघु उद्यमी समुह

सामान हस्तान्तरण : ७ वटा च्यापकटर मेसिन वितरण



# बजेट सम्बन्धि जानकारी

## बजेट जम्मा : ८४९,२००

### खर्च विवरण

सिप विकास तालिम सञ्चालनमा जम्मा रकम : ४६९००० अक्षरुपी चार लाख उन्नसत्तरी हजार खर्च भएको

प्रविधि हस्तान्तरण कार्यक्रममा जम्मा रकम : ३४०६०० अक्षरुपी तिन लाख चालिस हजार छ सय खर्च भएको

# धन्यबाद

उद्यम विकास शाखा

kl/jt{g ufpFkflnsf

***k'tnfrf}/, /f]Nkf***

# आ.व २०८०/०८१को वार्षिक समिक्षा कार्यक्रममा पशु सेवा शाखाको तर्फबाट सम्पूर्णमा नमस्कार ।



# १.शाखामा पशुपन्छिको औषधी खरिद वितरण कार्यक्रमः-

- कार्यक्रम विवरणः
- पहिलो,दोस्रो र तेस्रो चौमासिकमा औषधी खरिद वितरण ।
- शाखाबाट पशुपन्छिको औषधी उपचार सेवा लिने लाभान्वितको संख्या महिलाः१४०२

  पुरुषः १५९८
- जम्मा ३००० जना सेवा ग्राहीले पशु सेवा शाखाबाट रसीद काटी ४१०४३ पशुपन्छिको लागि औषधी उपचार सेवा लिएको ।

# २.पशु स्वास्थ्य शिविर कार्यक्रमः-

कार्यक्रम विवरणः

- पशुहरुमा आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण, बाझोपन निवारण र अन्य रोगको उपचारको लागि वडा नं. ४ को माइस्थान र भेरीखर्कमा १/१ दिनको २ दिने पशु स्वास्थ्य शिविर सञ्चालन गरियो ।
- उक्त शिविरमा महिला १०७ जना र पुरुष ७५ जना गरी जम्मा १८२ जना लाभान्वितले सेवा लिनुभयो ।
- १८२ जना लाभान्वितको जम्मा ४६९२ पशुपन्छिहरुलाइ औषधी वितरण गरियो ।

# शिविरका केही तस्विरहरु






# शिविरका तस्विरहरु



# ३.पशुपन्छी तथ्याङ्क संकलन कार्यक्रमः-

- तथ्याङक संकलन कार्यक्रमको लागि ४ जना करार कर्मचारी भर्ना गरियो ।
- वडा नं १,२,३ र ५ नं वडाको पशुपन्छी तथ्याङक संकलन कार्यक्रम सम्पन्न भयो ।
- उक्त वडाहरुको ३४४९ घरधुरीको पशुपन्छी तथ्याङक लिदा २७८५२ पशुचौपाँया र २१८४२ कुखुराको संख्या आएको छ ।

# आ.व.२०८०/८१ को पशुपन्छि तथ्याङ्क संकलन तथा पशुजन्य उत्पादन विवरण

## वडागत रुपमा जम्मा पशुपन्छी संख्याः

| क्र.सं. | वडा नं. | गाइ/गोरु | राँगा/भैंसी | खसी/बाख्रा | भेडा | बंगुर | कुखुरा | कुकुर | खरायो |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १६७८ | ७५३ | ३८०० | ४३१ | २५ | ४५६३ | ९१ | ४७ |
| २ | २ | १८६४ | ११५८ | ४९५९ | २०४ | ३६ | ६२१३ | ६३ | ३ |
| ३ | ३ | ८३३ | ६६८ | ३३६४ | १९४ | ४३ | ५३०१ | १८५ | १२६ |
| ४ | ५ | १६५० | ८१० | ४३८४ | २३८ | ४२ | ५७६५ | १२५ | ७८ |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| | | ६०२५ | ३३८९ | १६५०७ | १०६७ | १४६ | २१८४२ | ४६४ | २५४ |

वडागत रुपमा पशुपन्छीजन्य पदार्थ उत्पादन वार्षिक लिट/के.जी/गोटा

| क्र.सं. | वडा नं. | दुधालु गाइ | दुध उ. | दुधालु भैंसी | दुध उ. | पशुपन्छिको मासु उ. | अण्डा उ. | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १२५ | ४५००० | १३६ | १४६८८० | ३५२६५ | २८३७ | |
| २ | २ | १३३ | ४७८८० | २४१ | २६०२८० | ४८४७० | ३७२७ | |
| ३ | ३ | ५२ | १८७२० | १५६ | १६८४८० | ३५९९४ | ३१८० | |
| ४ | ५ | १०७ | ३९०५५ | १४५ | १५८७७५ | २५१०७ | ३४५९ | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| | | ४१७ | १५०६५५ | ६७८ | ७३४४१५ | १४४८३६ | १३२०३ | |

# ४.विभिन्न रोगको रोकथामका लागि खोप कार्यक्रमः-

- ✓शाखाबाट खोपमा आवश्यक सामान तथा रेविज भ्याक्सिन खरिद गरी ६ वटै वडाका ३६५ कुकुरहरुमा रेविज खोप लगाइएको ।
- ✓गाइगोरु तथा भैंसीहरुमा लम्पि स्किन रोगको खोप ३५०० डोज भेटेरीनरी अस्वताल तथा पशु सेवा विज्ञ केन्द्र लिवाङबाट उपलब्ध भएको र ६ वटै वडाका गाइगोरु तथा भैसीहरुमा लगाइसकेको ।
- ✓खोरेत रोगको खोप ४१०० डोज विज्ञ केन्द्र लिवाङबाट आएको र ६ वटै वडाका गाइगोरु तथा भैसीहरुमा भ्याक्सीनेटर परिचालन गरी लगाइसकेको ।
- ✓भेडाबाखाको पि.पि.आर रोगको ८००० खोप ६ वटै वडामा लगाएको ।

# खोप कार्यक्रमका केही तस्विरहरु

































# वडा अन्तर्गतको कार्यक्रमहरुः

१.पशुपन्छीको उपचार सम्बन्धी औषधी खरिद कार्यक्रमः-

- वडा नं. १,२,४ र ५ नं.वडाहरुमा विनियोजित बजेटबाट पशुपन्छिको लागि औषधी खरिद गरी उक्त वडाका प्राविधिक मार्फत वितरण गरिएको ।

२.वडा नं. ४ मा दलित महिला आयआर्जन कार्यक्रमः-

- दलित महिला आयआर्जन कार्यक्रम अन्तर्गत वडा नं. ४ मा ५५ जना दलित परिवारका सदस्यहरुलाइ ३७० गोटा ६ हप्ते कुखुराका चल्ला दाना र औषधी वितरण गरिएको ।


9

# जय पशुधन
# धन्यवाद् ।



# परिवर्तन गाउँपालिका वडा नं.१ कुरेलीको आ.व.२०८०।०८१ को समिक्षा २०८१।०५।०५

आ.व.२०८०।०८१ मा यस परिवर्तन गाउँपालिका १ नं.वडा कुरेलीले संचालन गरेका योजना तथा कार्याक्रमहरुको समिक्षा गर्दा यस वडाले चालेका सामाजिक अभियानका कार्यहरु गर्दा देखिएका प्रगति,चुनौती र आगामी वर्ष ०८१।०८२ मा हुने कार्याक्रम तथा योजनाहरुको कार्यन्वयन तथा प्रगति वारेमा केही वुदाहरु तल प्रस्तुत गरिएको छ ।

## यस वडाले समाज परिवर्तनका लागि चालेका विभिन्न अभियानहरुको प्रगति

१.पूर्णसरफाई अभियान सम्बन्धी कार्याक्रम यस वडाले यस वडामा रहेका १३ वटा टोल विकास संस्थाहरुका पदाधिकारीहरुलाई भेला बनाई २ दिने पूर्ण सरसफाई सम्बन्धी अभिमुखीकरण कार्याक्रम संचालन गरेको थियो । जुन कार्याक्रम बाट अझै पनि टोलहरुमा पूर्ण सरफाईको सुचकहरु पुरा गरे नगरेको अनुगन गर्ने छिट्टै टोलहरुलाई पूर्ण सरफाई उन्मुख टोल घोषणा गर्ने प्रतिवद्धता रहेका थियो ।







२.यस वडाले आ.व.२०८०।०८१ मा कृर्षि तथा पशुपन्छी शिर्षकमा बजेट विनियोजित गरेको थियो उक्त बजेट बाट यस वडाले यस वडा भित्र रहेका कृषकहरुलाई निशुल्क तरकारीहरुको विउविजन

तथा विषादीहरु वितरण गरि यहाँ रहेका कृषकहरुलाई उत्पादनहरुमा वृद्धि ल्याउने प्रयास गरिएको छ । साथै पशुहरुका लागि निशुल्क पशुमा हुने विभिन्न रोगहरुको पहिचान गरि यस वडाको चैतेलेख,उपावाङ,सरसुवारी,सारवाङ,डालीम,कुनावारा र धानावारा स्थानमा पशु शिविर संचालन गरि निशुल्क औषधी वितरण गरिएको थियो भने शिविरमा छुटेकाहरुका लागि यस वडा कार्यालय बाटै निशुल्क पशुहरुको औषधी वितरण गर्ने काम निरन्तर छ । जसबाट यस वडामा विभिन्न पशुपन्छीहरुको रोगहरुको पहिचान तथा उपचार गरि कृषकहरुमा व्यवसायमा थप सहयोग भएको छ । साथै बिभिन्न जातका पशुमा बिभिन्न संक्रामक रोग विरुद्ध खोप सेवा दिएको छ ।

३.यस वडाले आ.व.२०८०।०८१ मा विभिन्न लक्षित समूहहरुका लागि बजेत विनियोजित गरि तिनीहरुको जिवन स्तर माथि उठाउन प्रयास गरेको थियो जस अनुसार यस वडाले दलित टोल आमासमूहका लागि भवन निर्माणका लागि बजेट विनियोजित भई भवन बनि सकेको छ ।

४.यस परिवर्तन गाउँपालिका १ नं. वडामा गाउँपालिकाबाट बिनियोजित आलु पकेट क्षेत्र कार्याक्रम ४ वटा स्थानमा संचालन भएको, जसको कार्यक्रम संचालन गर्नको लागी प्रत्येक समुहबाट प्रतिनिधित्व हुने गरी पकेट संचालक समिति गठन भई काम गरेको हुनाले समितिका सदस्यहरुको सक्रियताको कारण कार्यक्रम संपन्नमा सहजता भएको हो ।

५.उक्त कार्यक्रम संचालन गरे पश्चात अनुगमन गर्दा आलुको अबस्था ठिकै थियो । सिचाईको कमिले गर्दा आलुको बृद्धिमा कमि भएको थियो ।

६.आलु पकेट कार्यक्रम संचालन भए पश्चात संचालन भएका स्थानमा त्यहाँका कृषकहरुको आलु खेती प्रति चाँसो भएको छ । आगामी अर्को वर्ष देखि झन आलु खेतीको बिस्तार बढ्दै जाने संभावना देखिन्छ । यस्तै अन्य बालीहरुको पनि कार्यक्रमहरु संचालन गरे पश्चात अन्य बालीहरुको खेती बिस्तार बढ्दै जाने संभावना रहेको छ ।

७.कृषिमा आलु पकेट,लसुन पकेट तथा अन्य तरकारीहरु उत्पादनले गर्दा साच्चिकै यस वडाका कृषकहरु आर्थिक उन्नति तिर अघि बढि आफ्नो जिविका चलाउन सक्षम भएको देखिन्छ । जसले गर्दा यो आ.व.यसलाई अझ सशक्त रुपमा अघि बढाईने छ ।

८.आ.व.२०८०।०८१ सामाजिक सुरक्षा भत्ता खाने लक्षित समूहहरु अन्तर्गत उक्त आ.व.अन्य जेष्ठ नागरिक ५ जना,दलित जेष्ठ १ जना,अति अशक्त अपांग १ जना र क्षेत्र तोकिएको बालबालिकाहरु ८ जनाले नयाँ भत्ताका लागि निवेदन पेश गरि दर्ता गरि नयाँ भत्ता खादै आई रहेका छन भने आ.व.२०८०।०८१ मा जम्मा अन्य जेष्ठ नागरिक भत्ता खाने २६१ जना, दलित जेष्ठ नागरिक भत्ता खाने ८ जना,एकल महिला भत्ता खाने ४२ जना, विद्युवा भत्ता खाने ६० जना,क्षेत्रतोकिएको बालवालिका भत्ता खाने ३४३ जना,दलित बालबालिका भत्ता खाने २२ जना,पूर्ण अपांग भत्ताखाने ४ जना र

अति अशक्त अपांग भत्ता खाने २२ जना गरि जम्मा ७६२ जनाले गएको आ.व.मा भत्ता बुझिरहेका छन । त्यसलाई तल तालिका प्रस्तु गरिएको छ ।

तपसिल

| क्र.स. | लक्षित समूह | जम्मा संख्या | दर | पहिलो त्रैईमासिक जम्मा | कुल जम्मा सबै त्राईमासिकको |
|---|---|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक | २६१ | ४०००। | १०४४०००। | ४१७६०००। |
| २ | दलित जेष्ठ नागरिक | ८ | २६६०। | २१२८०॥ | ८५१२०। |
| ३ | एकल महिला | ४२ | २६६०। | १११७२०। | ४४६८८०। |
| ४ | विद्युवा महिला | ६० | २६६०। | १५९६००। | ६३८४००। |
| ५ | क्षेत्र तोकिएको बालबालिका | ३४३ | ५३२। | १८२४७६। | ७२९९०४। |
| ६ | दलित बालबालिका | २२ | ५३२। | ११७०४। | ४६८१६। |
| ७ | अति अशक्त अपांग | २२ | २१२८। | ४६८१६। | १८७२६४। |
| ८ | पूर्ण अपांग | ४ | ३९९०। | १५९६०। | ४३८४०। |
| | जम्मा | ७६२ | | १५९३५५६। | ६३७४२२४। |

९.आ.व.२०८०।०८१ मा यस वडामा हुने दैनिक प्रशासनिक कामकाज भईरहेको छ भने उक्त आ.व.मा यस वडामा व्यक्तिगत घट्ना दर्ता अन्तर्गत जन्मदर्ता १३१ वटा,मृत्युदर्ता २३ वटा,विवाह दर्ता ५१ जोडी,सम्बन्ध विच्छेद ९ जोडी र बसाईसराई १९ घरपरिवार बसाईसराई गरि गएको देखिन्छ भने घरबाटो सिफारिस २३ वटा,नाता प्रमाणित ३४ वटा, अन्य सिफारिस ६४५ वटा,नागरिकता सिफारिस ५३ वटा र नागरिकता प्रतिलिपि सिफारिस २८ वटा भएको देखिन्छ ।

१०. आ.व.२०८०।०८१ मा यस वडाले मालपोत वाफत रु २०५०९१।८८,न्यायिक दस्तुर १२००।,अन्य प्रशासनकि सेवा शुल्क रु २१३५।, सिफारिस वाफत १५५७००।, व्यक्तिगत घट्ना दर्ता वाफत रु ६८८००। ,नाता प्रमाणित वाफत रु ६९००। र अन्य दस्तुर वाफत रु ४६९४५।०३। गरि जम्मा रु ४८६७७१।९१ मात्र राजश्व संकलन गरि गाउँपालिकाको संचित खातामा जम्मा गरेको थियो ।

१०.आ.व.२०८०।०८१ मा यस वडाले यस वडामा द्धन्द्ध अवस्थामा शहिद भएका शहिद परिवारहरु सम्मान कार्याक्रम संचालन गरेको थियो जस बाट यस वडामा द्धन्द्ध अवस्थामा शहिद भएका परिवारहरु सम्मानित भएका थिए ।

# शहिद परिवारलाई सम्मान कार्याक्रम





आ.व.२०८०।०८१ मा यस परिवर्तन गाउँपालिका वडा नं.१ को विनियोजित योजना तथा कार्याक्रमहरुका लागि गा.पा.बाट वडालाई चालु र पुजीका लागि जम्मा रु ३१ लाख ३५ हजार ५ सय प्राप्त भएको,प्रधान मन्त्री रोजगार कार्याक्रम बाट रु १० लाख ४७ हजार ६ सय १४ रुपैया २७ पैसा र गा.पा.बाट १ करोड २ लाख, प्रदेश बाट जम्मा रु ४ करोड ३० लाख र संघ बाट ३ करोड ५० लाख गरि जम्मा रु ९ करोड २३ लाख ८३ हजार ११४ रुपैया २७ पैसा विनियोजित भएकोले उक्त योजना तथा कार्याक्रमहरु तपसिल अनुसार रहेकोले उक्त योजनाहरुको आय व्यय तपसिल अनुसार सार्वजनिक गरिएको छ ।

तपसिल

| क्रं. स. | **योजनाको नाम** | **विनियोजित रकम** | स्विकृत रकम | **काम भएको** | **काम नभएको** |
|---|---|---|---|---|---|
| १ | पूर्णसरसफाई कार्याक्रम | १०००००। | १०००००। | काम भएको | |
| २ | कृषि विउविजन खरिद तथा तालिम कार्याक्र | ७५०००। | ७५०००। | काम भएको | |
| ३ | पशुपन्छी सम्बन्धी तालिम तथा | ७५०००। | ७५०००। | काम भएको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | औषधी खरिद | | | | | |
| ४ | कुरेली स्वास्थ्य चौकी व्यवस्थापन,सुत्केरी संयमसेविका प्रोहत्साहन | २५००००। | २५००००। | काम भएको | | |
| ५ | चालु खर्च | ३७००००/ | ३७००००/ | काम भएको | | |
| ६ | न्यायिक समिति कार्यालय व्यवस्थापन | ४००००। | ४००००। | काम भएको | | |
| ७ | बाढी प्रकोप तथा अन्य दैवि प्रकोप सहायता | ५००००/ | ५००००/ | काम भएको | | |
| ८ | युनिटी युवा कल्व व्यवस्थापन तथा कराते सामाग्री खरिद | १५००००। | १५००००। | काम भएको | | |
| ९ | वडा कर्यालय व्यवस्थापन | १०००००। | १०००००। | काम भएको | | |
| १० | सहिद परिवार सम्मान कार्याक्रम | ४००००। | ४००००। | काम भएको | | |
| ११ | बाल कल्याण मा.वि.उपवाङ छात्रावास तथा कार्यालय | २०००००। | २०००००। | काम भएको | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | |
| १२ | प्रहरी चौकी व्यवस्थापन कुरेली | ५००००। | ५००००। | काम भएको | |
| १३ | जन कल्याण मा.वि.फर्निचर निर्माण योजना | २५००००/ | २५००००/ | काम भएको | |
| १४ | सिँचाई पोखरी निर्माण चैतेलेख | १८००००। | १८००००। | काम भएको | |
| १५ | मदादुल कुवाखोला खा.पा.इनटेक निर्माण योजना | २०००००। | २०००००। | काम भएको | |
| १६ | तल्लो डालिम पि.सि.सि.गोरेटो बाटो निर्माण म्याचिङ | १०५५००। | १०५५००। | काम भएको | |
| १७ | दर्पन मोटर बाटो निर्माण योजना | ३०००००। | ३०००००। | काम भएको | |
| १८ | दलित टोल आमासमूह भवन निर्माण म्याचिङ | ३०००००। | ३०००००। | काम भएको | |
| १९ | स्यामापु धानावारा मोटर बाटो म्याचिङ | १०००००। | १०००००। | काम भएको | |
| २० | मण्डली भवन कोठा पल्सटर | १०००००। | १०००००। | काम भएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | हिमालय कैलाश प्रा.वि.कोठा पि.सि.सि.म्याचिङ | १०००००। | १००००० | काम भएको | |
| | जम्मा | ३१३५५००। | ३१३५५००। | | |

**प्रधानमन्त्री रोजगार वाट विनियोजित योजना तथा कार्याक्रमहरु**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | तरान घो.वा.मर्मत | ९१२६४। | ९१२६४। | काम भएको | गा.पा. |
| २ | दर्पन घो.वा.फिल्ड निर्माण म्याचिङ | ३२५५७५० | ३२५५७५० | काम भएको | गा.पा. |
| ३ | डाङबासा,भुतखोला लिक्यांगडाँडा घो.वा.मर्मत योजान | १६४८६४। | १६४८६४। | काम भएको | गा.पा. |
| ४ | डालिम टोल आमासमूह भवन निर्माण म्याचिङ उपल्लो डालिम | ५८८८०। | ५८८८०। | काम भएको | गा.पा. |
| ५ | दोमैडाँडा उपावाङ पि.सि.सि.घो.वा.म्यचिङ | ३२५५७५० | ३२५५७५० | काम भएको | गा.पा. |
| ६ | पि.सि.सि.गोरेटो बाटो निर्माण म्यचिङ तल्लो डालिम | ८५३७६। | ८५३७६। | काम नभएको | गा.पा. |
| ७ | लिक्यांग प्रा.वि.लिक्यांग सिडी निर्माण म्याचिङ | ९४२०८। | ९४२०८। | काम भएको | गा.पा. |
| ८ | स्यामापु धानावारा मोटर | २९४४०।२७ | २९४४०।२७ | काम | गा.पा. |

| | | | | | |
|---|---|---|---|---|---|
| | बाटो म्याचिङ | | | भएको | |
| ९ | बाल कल्याण आ.वि.फिल्ड मर्मत तथा व्यवस्थापन | ६९९५८। | ६९९५८। | काम भएको | गा.पा. |
| १० | हिमालय कैलाश प्रा.वि.कोठा पि.सि.सि.म्याचिङ | २६४९६।८२ | २६४९६।८२ | काम भएको | गा.पा. |
| ११ | दर्पन घो.वा.फिल्ड निर्माण म्याचिङ | ८५२०३। | ८५२०३। | काम भएको | गा.पा. |
| १२ | दोमैडाँडा उपावाङ पि.सि.सि.घो.वा. | ८३२०५। | ८३२०५। | काम भएको | गा.पा. |
| १३ | दर्पन डालिम दोमैडाँडा उपावाङ गो.वा.सोलिङ तथा पि.सि.सि.योजना | १९३६०६।२७ | १९३६०६।२७ | काम भएको | गा.पा. |
| | जम्मा | १०४७६१४।२७ | १०४७६१४।२७ | | |

## गाउँपालिका बाट प्राप्त भई विनियोजित भएका योजनाहरु

| | | | | | |
|---|---|---|---|---|---|
| १ | उपावाङ गोरेटो बाटो पि.सि.सि.निर्माण योजना | १०००००। | १०००००। | काम भएको | गा.पा. वाट |
| २ | दोमै खोला गोरेटो वाटो | १०००००। | १०००००। | काम | गा.पा. |

| | | | | | |
|---|---|---|---|---|---|
| | पि.सि.सि.निर्माण योजना | | | नभएको | वाट |
| ३ | बगाउनेखोला जलविद्युत सामाग्री खरिद तथा व्यवस्थापन | १०००००। | १०००००। | काम भएको | गा.पा. बाट |
| ४ | काफलवोट दाङधारा सिँचाई योजना | २०००००। | २०००००। | काम भएको | गा.पा. बाट |
| ५ | वाल कल्याण आ.वि.जोगीडाँडा फिल्ड मर्मत तथा व्यवस्थापन | १०००००। | १०००००। | काम भएको | गा.पा. बाट |
| ६ | गोसाङखोला खेलकुद मैदान घेरवार निर्माण योजना | १०००००। | १०००००। | काम नभएको | गा.पा. बाट |
| ७ | बाल कल्याण आ.वि.जोगीडाँडा भवन निर्माण | ५००००००। | ५००००००। | काम भएको | गा.पा. बाट |
| ८ | इपाखोला खा.पा.मर्मत योजना | १०००००। | १०००००। | काम भएको | गा.पा. बाट |
| ९ | डालिम मार्के खा.पा.पाईप खरिद योजना | १२५०००। | १२५०००। | काम भएको | गा.पा. बाट |
| १० | साउनेपानी लिक्यांग डाँडा भुतखोला खा.पा.मर्मत योजना | १०००००। | १०००००। | काम भएको | गा.पा. बाट |
| ११ | सिरगाट्ने काफलबोट खा.पा.मर्मत योजना | १२५०००। | १२५०००। | काम भएको | गा.पा. बाट |
| १२ | हरियाली प्रा.वि.लिक्यांग | १०००००। | १०००००। | काम | गा.पा. |

| | | | | | |
|---|---|---|---|---|---|
| | फिल्ड मर्मत योजना | | | भएको | बाट |
| १३ | कृषि विउविजन मलखाद वितरण कार्याक्रम चैतेलेख | ४०००००। | ४०००००। | काम भएको | गा.पा. बाट |
| १४ | उपवाङ झक्रीखोला सडक निर्माण योजना | १००००००। | १००००००। | काम भएको | गा.पा. बाट |
| १५ | घोसाङ खा.पा.मर्मत योजना | ४०००००। | ४०००००। | काम भएको | गा.पा. बाट |
| १६ | उपवाङ सडक तट्बन्धन | १५०००००। | १५०००००। | काम भएको | गा.पा. बाट |
| १७ | बगाउने खोला जलविद्युत सामाग्री खरिद योजना | १५००००। | १५००००। | काम भएको | गा.पा. बाट |
| १८ | लिक्यांग विद्यालय तट्बन्धन योजना | ५०००००। | ५०००००। | काम भएको | गा.पा. बाट |
| | जम्मा | १०,२०००००। | १०,२०००० ०। | | |

## प्रदेश बाट प्राप्त भई विनियोजित भएका योजनाहरु

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ईन्द्रावाङ खोला ट्रस पुल निर्माण योजना | ६००००००। | ६००००००। | काम भएको | प्रदेश बाट |
| २ | हाईम खोला झो.पु.निर्माण योजना | ४७०००००। | ४७०००००। | काम नभएक ो | प्रदेश बाट |
| ३ | तिनखोला खोलावाङ | २६३०००००। | २६३०००००। | काम | प्रदेश |

| | | | | | |
|---|---|---|---|---|---|
| | सिँचाई योजना जनश्रमदान सहित | | | भएको | बाट |
| ४ | बाल कल्याण आ.वि.जोगीडाँडा भवन निर्माण योजना | ५०००००० | ५०००००० | काम भएको | प्रदेश बाट |
| ५ | वनराजा तट्बन्धन योजना | १०००००० | १०००००० | काम भएको | प्रदेश बाट |
| | जम्मा | ४३०००००० | ४३०००००० | | |

## संघ बाट प्राप्त भई विनियोजित भएका योजनाहरु

| | | | | | |
|---|---|---|---|---|---|
| १ | बगाउने खोला पक्की पुल निर्माण योजना | ३५०००००० | ३५०००००० | काम भएको | संघ बाट |
| | जम्मा | ३५०००००० | ३५०००००० | | |

श्री बाल कल्याण आ.वि.जोगीडाँडा परिवर्तन १ कुरेली,रोल्पा



**<u>गत आ.व.मा यस वडामा संचालन भएका योजना तथा कार्याक्रमहरु कार्यन्वयन गर्दा भएका चुनौति तथा सल्लाह सुझावहरु</u>**

१.आ.व.वर्ष २०८०।०८१ मा यस वडावाट संचालन गरिरएका योजना तथा कार्याक्रमहरुको पारदर्शी रुपमा कार्य सम्पन्न गर्नका लागि यस वडाले आफ्नो कार्य व्यसतताको कारणले योजना तथा कार्याक्रमहरुको अनुगमन गर्नु पर्नेमा अनुगमनमा केही कमी रहेको र

आगामी आ.व.वर्षमा उक्त अभियानलाई निरन्त्रता दिने प्रतिवद्धता गर्दछ ।

२.योजना फरफारक गर्ने वेला योजनाका उ.स.ले केहि विलभरपाई तथा आवश्यक कागजात मिलाउनका लागि वडा कार्यालय बाट व्यवस्था मिलाएको अवस्थामा गा.पा.वाट फर्कनु नपर्ने रहेको देखिन्छ एकाट उ.स.हरु प्राविधिक र गा.पा.कार्यालय सँग समय नपुग्दा फर्कनु पर्ने समस्यालाई आगामी दिनमा उक्त समस्यालाई हलगर्ने गरि यस वडापालिकाले आवश्यक थप कार्ययोजना बनाउनु पर्ने देखिन्छ ,आगामी वर्षमा यसकुरालाई मध्यनजर गरि योजनाका उ.स.लाई वडा तथा गा.पा.वाट गोष्ठीको आयोजना भए पनि वर्षेनि योजनाका उपभोक्ता समिति फेरिने भएकाले प्रत्येक वर्ष उपभोक्ता समितिहरुलाई गाउँपालिका बाट गोष्ठी आवश्यकता भएको देखिन्छ ।

३.आ.व. ०८०।०८१ मा संचालन भएका योजनाहरु समयमै कार्य सम्पादन भए पनि केहि कार्याक्रमहरु स्थानीय तह निर्वाचनको कारणले गर्दा सोचे जस्तो समयमा कार्याक्रम सम्पन्न गर्न हम्मे हम्मे भएको देखिन्छ यस समस्यालाई आगामी दिनमा कार्यतालिका बनाई साना तथा ठूला योजनाको समय छुट्याउन कार्यालय बाट पहल गरिने व्यवस्था गा.पा.बाट मिलाउनु पर्ने देखिन्छ ।

४.योजना उपभोक्ताहरुको तर्फबाट योजना सम्झौता गरिसके पछि स्टामेट अनुसार नियमअनुसारको सुचना पाटी तयार गर्ने स्टामेट अनुसारको माल मेर्टियल तथा श्रमदान गर्नुपर्नेमा नेपाली भाषामा

लेखि उपभोक्तालाई प्राविधिकले दिनु पर्ने आवश्यक देखिनछ । त्यसो गर्दा उपभोक्तालाई विलभरपाइ बनाउन सहजता पुग्ने देखिन्छ ।

५.नेपाल सरकारले लक्षित समूहलाई दिदै आएको विभिन्न प्रकारका सामाजिक सुरक्षा भत्ताहरु खादै आएको कुरा सर्वविदितै छ उक्त भत्ता रकम बैंक बाट बुझ्न जादा यस वडाका लाभग्राहीहरुले विभिन्न समस्याहरु भोक्दै आएका छन समयमा पैसा नपाउनु,चेक नपाउनु,लाईनमा धेरै बस्नु आदि जस्ता समस्याहरु रहेको देखिन्छ यो कुरालाई मध्यनजर गरि ग्लोबल आई.एम.ई. बैंकका कर्मचारीहरुको सहयोगमा यस वडासँग समन्वयन गरि सामाजिक सुरक्षा भत्ता वडा कार्यालय बाटै वितरण गर्ने पहल गरि दिएमा अझ सहज हुने थियो ।

६.वडाका व्यक्तिगत घट्ना,राजश्व तथा सामाजिक सुरक्षा भत्ता दर्ता जस्ता कामकाजहरु अनलाईन बाट हुने भएकोले नेटको समस्या भई कामकाज गर्न केहि असहज भई रकेको हुँदा यो कुरालाई मध्यनजर गरि गाउँपालिका बाट वडाको नेटको क्षमता बढाई दिएमा वडाहरुलाई कामकाज गर्न अलि सहज हुने देखिन्छ ।

**यस वडाले आगामी वर्ष २०८१।०८२ मा गर्ने वडाका कामकाज,योजना तथा कार्याक्रमहरुको कार्ययोजनाहरु**

१.यस वडाले आ.व.२०८१।०८२ को वजेत तथा कार्याक्रमहरु गा.पा.मा पेश गरि सकेकोले उक्त कार्याक्रम तथा योजनाहरु समयमै सम्पन्न गर्ने तयारी गर्ने छ ।

२.यस आ.व.मा कृषि प्रणालीमा जोड दिनका लागि साविकका टोलहरुमा लसुन,प्याज तथा आलु पकेट क्षेत्र स्थापना गरि सकेको हुनाले उक्त पकेट क्षेत्रलाई अझ सशक्त रुपमा अघि बढाई कृषकहरुले उत्पादन गरेको बस्तुहरुलाई विक्रीवितरण गर्न वडा गाउँपालिका हुँदै वजारको व्यवस्था मिलाउन गाउँपालिकाको कार्यालयलाइ प्रस्ताप पेश लागि अघि बढाईने छ ।

३.यस आ.व.मा पशुपन्छी शिर्षकमा पनि यस वडाले आवश्यक बजेट विनियोजित गरेकोले उक्त बजेट बाट पशुपन्छीमा हुने विभिन्न रोगहरुको पहिचान गरि पशुपन्छीहरुको निशुल्क उपचार तथा शिविर संचालन गरिनेछ ।

४.यस आ.व.मा संचालन हुने योजना तथा कार्याक्रमहरुको उ.स.गठन यहि भाद्र मसान्त सम्म गठन गरि सम्झौता प्रक्रिया अगाडी वढाइने छ ।

५.यस वर्ष संचालन हुने योजनाहरुको कार्यसम्पादन भई सके पछि वडाको अनुगमन समितिले अनुगमन गरि सके पछि मात्र अन्तिम किस्ता भुक्तानीका लागि सिफारिस गरिने छ ,काम सम्पन्न नहुदै फरफारकको सिफारिस माग्न आएमा उक्त योजनालाई सिफारिस दिईने छैन ।

६.समाज परिवर्तनका लागि यस वडाले चालेका विभिन्न अभियानहरु जस्तै – वालविवाह उन्मुलन,पूर्णसरसफाई उन्मुख वडा घोषणा कार्याक्रम,मदिरा नियन्त्रण जस्ता अभियानलाई निरन्तरता दिई अझै ठोस रुपमा कार्ययोजना वनाई अघि वढाईने छ ।

७.यस वडामा रहेका १३ वटै टोल विकास समितिका पदाधिकारीहरुको बैठकलाई समय अनुसार नियमित वस्न आह्वान गरि टोलमा भई रहेका समाज सुधारका अभियानलाई अझ सक्रिय रुपमा बढाउन पहल गरिने छ ।

८.यस वडाले ०८१।०८२ जातिय छुवाछुट घोषणा कार्याक्रमका लागि आवश्यक बजेट विनियोजित गरेकोले उक्त बजेट बाट यस वडालाई जातिय छुवाछुट घोषणा गरिनेछ जस बाट यस वडामा बसोबास गर्ने दलित तथा गैर दलित को हुन भन्ने भिन्नता हटाईने छ ।

९.यस वडामा आ.व.२०८१।०८२ यस वडामा  पूर्ण संस्थागत सुत्केरी घोषणा कार्याक्रम सम्पन्न भईसकेको हुनाले उक्त कार्याक्रमलाई दिगोपनाका लागि निरन्तरता दिईने छ ।

# धन्यवाद

# आ.व २०८०/८१ को समिक्षा कार्यक्रम

# परिवर्तन गाउँपालिका वडा न २ राङ्सी



# समिक्षा

देश सघीय संरचनामा बदलिएपछी लुम्विनी प्रदेश रोल्पा जिल्ला परिवर्तन गाउँपालिका मा रहेको २ नं वडा साविकको राङसी गा.वि.स.हो । यसको जनसंख्या करिव ६ हजार रहेको छ। २ नं.वडाको कुल क्षेत्रफल ३०४५.९९हेक्टर रहेको छ।

- परिवर्तन गा.पा.वडा नं.२ राङसीलाई कृषिमा आत्मनिर्भर वनाउनको लागी परम्परागत रुपमा लगाउदै आएको खाद्यन्न वाली भन्दा नगदे वालीमा कृषि अनुदानका योजनाहरु संञ्चालन गरिएको छ । प्रत्येक वस्तीहरुमा सडक सञ्जालहरु पुऱ्याइएको छ । सवै जनताहरुलाई स्वच्छ,सफा,गुणस्तरिय खानेपानीको पहुच कायम गर्नको लागी खानेपानीको मुहान मर्मत लगायत एक घर एक धाराको व्यवस्था गरिएको छ । गुणस्तरिय शिक्षाको लागी विद्यालय अनुगमन कार्यक्रम,उत्कृष्ट विद्यार्थी प्रोत्साहन कार्यक्रम,अभिभावक शिक्षा कार्यक्रममा बजेट विनियोजन गरि शिक्षामा गुणस्तरियता कायम गर्न खोजिएको छ । स्वस्थ र सुरक्षित जीवनको लागि स्वास्थ्यमा सवै जनताहरुको पहुच कायम गर्न मत्तिममा स्वास्थ्य शाखा सञ्चालन, सामुदायिक सचेतना कार्यक्रम, पुर्ण खोप घोषणा कार्यक्रम, विद्यालय पोषण साप्ताह कार्यक्रम, जेष्ठ नागरिक चेकजाच कार्यक्रम गरि सवैको पहुच कायम गरिएको छ। परिवर्तन २ राङसीलाई खेलकुदका हरेक क्षेत्रमा उन्नति र प्रगति गर्न विशेष प्राथमिकता दिइएको छ। सामाजिक रुपान्तरणमा  परिर्वतन गर्न वाल विवाह न्यूकरण कार्यक्रम, किशोर किशोरी रुपान्तरण कार्यक्रम, जेष्ठ नागरिक सम्मान कार्यक्रम, पूर्ण सरसफाई कार्यक्रमहरुमा बजेट विनियोजन गरिएको छ। परिर्वतन २ राङसीमा संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेटको योजनाहरु सबै कार्यावन्यन भएका छन । जसवाट परिवर्तन २ राङसी दिगो विकास, सुशासन, सामाजिक न्याय कायम गरि सम्वृद्ध राङसी वनाउन अग्रसर रहेको छ।

# आ.ब २०८०/८१मा संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट

- संघिय सरकार रु १ करोड
- प्रदेश सरकार रु ३ करोड २८ लाख
- स्थानिय सरकार रु ९४ लाख ५० हजार
- प्रधानमन्त्री रोजगार कार्यक्रम ७ लाख ७९ हजार ७ सय ७७

जम्मा ५ करोड ३० लाख २९ हजार ७ सय ७७

# आर्थिक विकास

## कृषि

स्थानिय सरकार  रु ३ लाख ५० हजार

## पशु

स्थानिय सरकार  रु  ५० हजार

प्राथमिकता नगदे वाली कृषिमा लगानी गरि कृषक हरुको आयआर्जन सँगै आर्थिक आत्मनिर्भरता कायम गर्न



# सामाजिक विकास

- स्वास्थ्य

स्थानिय सरकार १ लाख ५० हजार

प्राथमिकता सवै क्षैत्र र भूगोलका मानिसहरुलाई स्वास्थ्यमा पहुच सुनिश्चित गरि स्वस्थ, मर्यादित, गुणस्तरिय र सुरक्षित जिवन कायम गर्न



# शिक्षा

- स्थानिय सरकार  रु  १ लाख ९० हजार
- प्राथमिकता  सबै क्षेत्र,वर्गहरुमा समान शिक्षाको पहुच कायम गरि शिक्षामा गुणस्तरियता अभिवृद्धि गर्ने, शिक्षाको क्षमता विकास गर्ने र प्रतिस्प्रधात्मक व्यक्तिको विकास गरि समाज रुपान्तरण गर्ने









# खानेपानी

प्रदेश सरकार  रु १० लाख

स्थानिय सरकार  रु ४ लाख ५० हजार

प्राथमिकता  स्वस्थ्य, सुरक्षित, सफा  र गुणस्तर खानेपानीको लागि राङ्सीबासीमा एक घर एक धाराको व्यवस्था गरि सबै जनताहरुमा खानेपानिको पहुच सुश्चित हुने गरि खानेपानीको अभाव हुन नदिने



# खेलकुद

- स्थानिय सरकार रु ५ लाख
- प्राथमिकता खेलकुदका हरेक क्षेत्रमा खेलादिहरु उत्पादन गरि परिवर्तन २ राङसीलाई परिवर्तनको अग्रस्थानमा राख्दै राष्ट्रिय स्तरमा खेलकुदकै क्षेत्रबाट राङसीको पहिचान कायम गर्न















# पूर्वाधार विकास मोटरबाटो

- संघिय सरकार    रु १ करोड
- प्राथमिकता    राङसी, भाबाङ, लिवाङ जोडने लोकमन हरिपर्खे सुनार शहिदमार्ग लाई १२ महिना यातायतका साधनहरु सञ्चालन गर्ने गरि मोटरबाटोको निमार्ण गरि जनताहरुलाई यात्रा गर्न, जीवन यापन गर्न सहज गराउने



# मोटरबाटो

- प्रदेश सरकार रु ५० लाख
- प्राथमिकता चप्का भनभने अङगिलिखे मोटरवाटोमा यातायातका साधाहरु सञ्चालन गर्न सहज गराई जनताको जीवनयापनमा सहज गराउने









# मोटरेबल पुल

- प्रदेश सरकार १ करोड ५० लाख
- प्राथमिकता माडिखोला सिस्ने र राङसी जाडने मोटरेबल पुल निमार्ण गरि मानिसहरु लाई यातायात गर्न असहज भएकोले यो पुल निमार्ण भएपछि यातायातका साधानहरु सञ्चालन गरि जनताको जीवन स्तरमा सुधार गर्न







# भबन निमार्ण

प्रदेश सरकार   १० लाख

प्राथमिकता   शहिद स्मृति युवा क्लब राङ्सीको भबन निमार्ण गरि खेलकुद क्षेत्रको विकासलाई व्यवस्थित गर्न,






# प्रतिक्षालय

- स्थानिय सरकार रु ५ लाख
- प्राथमिकता परिवर्तन २ राङसीका खुल्ला महिला सदस्य विष्णु पुन राना प्रति हार्दिक श्रद्धान्जुली अरपन गर्दै उहाँको अविसमरणिय सम्झनाको लागि यो प्रतिक्षालय निमार्ण






# फिल्ड निमार्ण

- स्थानिय सरकार रु ६ लाख
- प्राथमिकता विद्यालयको फिल्ड निमार्णबाट विद्यार्थीको पठनपाठनमा सहजता हुनुका साथै विद्यार्थीहरुलाई खेल्नको लागि सुरक्षित वातावरणको निमार्ण हुन्छ ।









# वन तथा वातावरण

- प्रदेश सरकार रु १८ लाख
- स्थानिय सरकार रु १० लाख
- प्राथमिकता झयापखोला तटबन्धनबाट खोला किनारका जग्गा जमिन सुरक्षित गर्न सकिन्छ। पनेलधारा मेसेनरी वालबाट पनि पहिरो जान्नबाट रोक्न सक्छ। गोपेधारा विद्यालयको ग्याबीनबाट विद्यालयको फिल्ड लाई पहिरो जान्नबाट सुरक्षित गर्न सकिन्छ।



# सस्थागत तथा सुशासन

## सिफारिस

| क्रस | सिफारिस नाम | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | घरबाटो प्रमाणित | ४२ | |
| २ | नाता प्रमाणित | ७८ | |
| ३ | नागरिकता | २४० | प्रतिलिपि सहित |
| ४ | अन्य सिफारिस | ७६५ | निशुल्क सहित |

# पञ्चिकरण

| क्रस | नाम | सङ्ख्या | | कैफियत |
|---|---|---|---|---|
| १ | जन्म | २०८ | | ३५ दिन भित्र सहित |
| २ | विवाह दर्ता | ७४ | | ३५दिन भित्र सहित |
| ३ | मृत्य’ दर्ता | ३२ | | ३५दिन भित्र सहित |
| ४ | बसाईसराइ | ७७ | | |
| ५ | सम्बन्ध विच्छेदन | ३६ | | ३५दिन भित्र सहित |

# सामाजिक सुरक्षा भत्ता

| | नाम | सङ्ख्या | कैफियत१ |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक | ३८४ | महिला पुरुष दुबै |
| | विद्युवा | ८८ | |
| | एकल महिला | २४ | |
| | दलित जेष्ठ नागरिक | २० | |
| | अपाङ्ग क बर्ग | १ | |
| | अपाङ्ग ख बर्ग | २७ | |
| | क्षेत्र टोकिएको बालबालिका | ४८८ | |

# राजस्व

| | राजस्व शीर्षक | रकम | कैफियत |
|---|---|---|---|
| | मालपोत | २,४०,७६४.०९ | |
| | न्यायिक दस्तुर | ३,२०० | |
| | सिफारिस दस्तुर | २,१४,६०० | |
| | व्यक्तिगत घटना दर्ता दस्तुर | ९७,२०० | |
| | नता प्रमाणित दस्तुर | ११,९०० | |
| | अन्य दस्तुर | ५३,९७५.९८ | |
| | जम्मा | ६,२२,०४९.९१ | |
| | | | |

# समस्याहरु

- आ.व बर्षको अन्तमा बजेट कार्यान्वयन गर्ने प्रवृति रहनु
- विकास प्रक्रियामा सवै क्षेत्र बर्गको प्रतिनिधित्व हुन नसक्नु
- योजना कार्यान्वयन भइ सकेपछि सार्वजनिक सुनुवाई प्रक्रिया प्रभावकारी हुन नसक्नु
- योजनाहरुको अनुगमन प्रक्रियामा वडाको सवै जनप्रतिनिधि  कर्मचारीहरुको सहभागिता न्यून हुनु
- उपभोक्ता समितिहरुमा प्राविधिक स्तिमेत अनुसार योजना कार्यावन्यन गर्न ज्ञानको कमी हुनु
- नेट को समस्याको कारण कार्य प्रक्रियामा कठिनाइ हुनॅ
- राजस्व व्यवस्थापन प्रणाली SUTRA को बारम्बार समस्या आउनाले सेवा प्रवाह गर्न कठिनाई हुनु

# वडाको आगामी प्रक्रिया

- वजेट कार्यान्वयन सम्बन्धमा आ.व वर्ष को अन्तमा नभई प्रत्येक चौमासिक वजेट फुकुवा अनुसार योजना कार्यान्वयन गरिसक्ने
- विकास निमार्ण प्रक्रियामा सवै वर्ग क्षेत्रको प्रतिनिधित्व हुने गरि सहभागितामुलक विकास प्रक्रिया अवलवन गर्ने
- सम्पूर्ण विकास योजनाहरु कार्यान्वयन भइ सकेपछि प्रत्येक आयोजनाहरुले वडा प्रतिनिधित्व को रोहवरमा सार्वजनिक सुनवाई गनुपर्ने
- प्रत्येक आयोजनाहरुमा वडा प्रतिनिधित्वहरुको अनुगमन विना भुक्तानी प्रक्रियाको सिफारिस नहुने
- उपभोत्ता समितिहरुलाई प्राविधिक स्तिमेतको बारेमा तालिमको व्यवस्था गरिनुपर्ने
- सेवा प्रवाहमा सहजता ल्याउन नेट को क्षमता अभिवृद्धि गनुपर्ने
- राजस्व व्यवस्थापन प्रणाली SUTRA लाई व्यवस्थित गरि सेवा प्रवाहमा सहजता ल्याउने

# बाँकी कार्यान्वयन योजना

## प्रदेश सरकार

- सिस्ने पोखरा मोटरबाटो निर्माण तथा मर्मत रु ५० लाख
- गोपालखोला मेसनरीवाल रु १० लाख
- जनसेवा नमूना मावि राङसी भवन निर्माण रु २५ लाख
- खत्रिगाडे झिवाङ मरवाङ मोटरबाटो निर्माण रु ५ लाख

## स्थानिय सरकार

- सामुदायिक स्वास्थ्य इकाई केन्द्र भवन निर्माण डाँडागाऊ रु २० लाख
- डाँडागाऊ, निझवाङ मोटरबाटो निर्माण रु १० लाख
- रके मोटरबाटो निर्माण रु ३ लाख
- दिगा सेकम मोटरवाटो निर्माण रु ३ लाख
- गोपालखोला झारमा जोडने मोटरवाटो निर्माण रु २ लाख ५० हजार
- जाखर, जनसेवा नमूनामावि, चौधारा बालविकास भवन मर्मत रु ७ लाख

# Thank You

# आ.व २०८०/८१ को वार्षिक समिक्षा सम्वन्धी प्रतिवेदन

# परिवर्तन गाउँपालिका थुनिकोट ३ रोल्पा


प्रस्तुतकर्ता

शेर वहादुर वली

पशु प्राविधिक


२०८१/०५/०६

**सभा अध्यक्ष महोदय,**

यस परिवर्तन गाउँपालिका रोल्पाको समिक्षा कार्यक्रमका सभा अध्यक्ष प्रमुख अतिथि, विशिष्ट अतिथि, वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य, राजनितिक दलका प्रमुख तथा प्रतिनिधिहरु, टोल विकास संस्था, राष्ट्रसेवक कर्मचारी, शिक्षक, वुद्धिजिवी, संचारकर्मी, सुरक्षाकर्मी तथा सम्पूर्ण उपस्थित सज्जनविन महानुभावहरुमा यस परिवर्तन गाउँपालिका वडा नं. ३ को तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक नमस्कार !

# परिचय :

यस परिवर्तन गाउँपालिका वडा नं. ३ थुनिकोट रोल्पा भौगोलिक हिसाबले रोल्पा जिल्लाको लिबाङदेखि २६ कोष उत्तरपश्चिममा अवस्थित छ । यस परिवर्तन गाउँपालिकाको ६ वटा वडामध्ये भुगोलको आधारमा सवै भन्दा सानो १२.६८ ( करिव ७ प्रतिशत ) वर्गकिलोमिटर क्षेत्रफल ओगटेको छ भने र जनसंख्याको आधारमा पाँचौं स्थानमा पर्दछ। यस वडा नं.३ थुनिकोट रोल्पाको गंगादेव गाउँपालिका ६ नं. वडा र परिवर्तन गाउँपालिका वडा नं.४,५र ६ सँग सिमाना जोडिएको छ । यस वडामा भौगोलिक विवधता झैं जातिगत विविधताले भरिपूर्ण भएको पाइन्छ । यस वडामा क्षेत्रीहरुको बाहुलयता रहे पनी रोल्पा जिल्लाकै सवै भन्दा बढि दलित वस्ति भएको वडा पनि हो यो । यस वडामा करिव जनजाती २५%, क्षेत्री ४३.५%, ब्राहमण ५%, दलित २६.५% घरधुरी रहेको पाईन्छ । यस वडामा भएको आ.व.२०८०/०८१ को प्रगती सम्बन्धि प्रतिवेदन प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

# वडाको आ.व.२०८०-०८१ को वजेट विनियोजन शिर्षक

## १)आर्थिक विकाश तर्फ

| क.स. | योजनाको नाम | विनियोजित बजेट | कै |
|---|---|---|---|
| १ | लसुन विउ खरिद तल्लो केवरी | १,००,००० | |
| २ | लसुन विउ खरिद उपल्लो केवरी | २,००,००० | |
| | जम्मा | ३,००,००० | |

# २) सामाजिक विकास तर्फ

| क्र.स. | योजनाको नाम | विनियोजित बजेट | कै |
|---|---|---|---|
| १ | उपल्लो हाङटा गोजाखोला खा.पा. | १,५०,००० | |
| २ | सुवाखोला सल्लीगैरा चर्चुहाले खा.पा. मर्मत | १,१०,००० | |
| ३ | लुपाखोला देखि ओखरेनी खा.पा. | १,५०,००० | |
| ४ | बालशिक्षा मा.वि. खा.पा. | १,००,००० | |
| ५ | सल्ली बजार ठुलो खोला खा.पा. | १,००,००० | |
| ६ | पुर्णागाउँ पिपलपानी खा.पा.मर्मत तथा च्ह्यत निर्माण | १,००,००० | |
| ७ | लालीगुराँस युवा क्लब | १,२५,००० | |
| ८ | मेलपानी वडा कार्यालय खानेपानी निर्माण | ११८७०० | |
| | जम्मा | ९,५३,७०० | |

# ३) भौतिक पुर्वाधार तर्फ

| क्र.स. | योजनाको नाम | विनियोजित बजेट | कै |
|---|---|---|---|
| १ | हाईबाङ खेलकुद मैदान | १,१०,००० | |
| २ | ग्रामिण उर्जा विद्युतिय ईलेक्ट्रिक सामान खरिद बागमारा | १,५०,००० | |
| ३ | विर्ता फिल्ड निर्माण तथा खा.पा.पाईप खरिद | १,५०,००० | |
| | जम्मा | ४,१०,००० | |

# ४) बन बातावरण तथा विपद व्यवस्थापन

| क्र.स. | योजनाको नाम | विनियोजित बजेट | कै |
|---|---|---|---|
| १ | बागमारा बजार फोहोर व्यवस्थापन | ५०,००० | |
| २ | सामुदायिक स्वास्थय ईकाई केन्द्र बागमारा | ५०,००० | |
| ३ | रानाडेरा शिशु भवन सौचालय तथा खा.पा. | १,५०,००० | |
| ४ | हाईबाङखोला मुहान संरक्षण | ५०,००० | |
| ५ | तुसारापानी कुवा मर्मत केवरी | ६०,००० | |
| ६ | प्रहरी चौकी बागमारा | २५,००० | |
| | जम्मा | ३८५००० | |

## ५) संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

| क्र.स. | योजनाको नाम | विनियोजित बजेट | कै |
|---|---|---|---|
| १ | दलित बस्तिमा जनचेतना मुलक कार्यक्रम | ५०,००० | |
| २ | महिला हिंसा सम्बन्धि सचेतनामुलक कार्यक्रम | ५०,००० | |
| ३ | वडा कार्यालय व्यवस्थापन | १,००,००० | |
| | जम्मा | २,००,००० | |

**जम्मा रु २२,४८७,००**

## प्रधान मन्त्रिरोजगार कार्यक्रम मार्फत

| क्र. सं. | योजनाको नाम | गा.पा.को बजेट | नेपाल सरकार बाट | आइ.डि.ए. बाट | कै. |
|---|---|---|---|---|---|
| १ | हात्तीजुर,सुवाखोला खैराबाङ,तल्लोडेरा पोखरी,धुपीगैरा गोरेटोबाटो | | १,३०,००० | | |
| २ | छेउवली घरदेखि पनेराखोला,साईखोला,चिसापानी फिर्कुली पुय,गोरेटो बाटो निर्माण | | १,३०,००० | | |
| ३ | विर्ता,पिपलपानी,जेवल्डासे दहबाङ्ग,गोरेटो बाटो निर्माण | | १,३०,००० | | |
| ४ | तुनीबोट ,ढोलीविसौनी,ट्याम्के,रपापोखरी क्यानबेटी गोरेटोबाटो निर्माण | ७९६९०.५९ | ५०३०९.४१ | | |
| ५ | मेलपानी वडा कार्यालय खानेपानी निर्माण | १२४७२२.८८ | | २१९५३५.८९ | |
| ६ | उपल्लो केवरी फिल्ड निर्माण | | ७६,००० | | |
| | तिन | | | ३१०२९९।६५ | |
| | जम्मा | २०४४१३.४७ | ५,१६,३०९.४१ | ५२९८३५.५४ | |

# ३ नं. वडा कार्यालय बाट आ.व.२०८०-८१ मा भएका सेवा प्रवाह

## १)व्यक्तिगत घटना दर्ता तर्फ

| दर्ता भएका घटनाको प्रकार | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. ३ | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह | बसाईसराई गरी | | | सम्बन्धविच्छेद | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | जम्मा | आएको | गएको | जम्मा | जम्मा | |
| जम्मा | ६३ | ६९ | १३२ | १५ | १५ | ३० | ५६ | ०परिवार | १०परिवार | १० | २ जोडी | २३० |

# ३)सामाजिक सुरक्षा भत्ता तर्फ

| क्र.स. | सामाजिक सुरक्षा भत्ता प्रकार | पुरुष | महिला | जमा संख्या | | योग्य | दर मासिक |
|---|---|---|---|---|---|---|---|
| १. | जेष्ठ नागरिक अन्य | ६६ | ९१ | १५७ | | ६८ बर्ष | ४,०००।- |
| २. | जेष्ठ नागरिक दलित | २५ | २० | ४५ | | ६० बर्ष | २६६० |
| ३. | विद्युवा/ | ५३ | | ५३ | ७९ | पतीको मृत्यु | २६६० |
| ४. | जेष्ठ नागरिक एकल महिला | २६ | | २६ | | ६० बर्ष अविवाहित | |
| ५. | पुर्ण अपाङ्गता (क) वर्ग | ८ | २ | १० | | परिचय पत्र | ३९९० |
| ६. | अतिअशक्त अपाङ्ग (ख)वर्ग | १३ | १२ | २५ | | परिचय पत्र | २१२८ |
| ७ | क्षेत्र तोकिएका बालवालिका | १४३ | १२४ | २६७ | ३८२ जना | ५ बर्ष भन्दा मुनि एक आमाका दुई सन्तान मात्र। | ५३२ |
| ८ | दलित बालबालिका | ५७ | ५५ | ११५ | | | |
| आ.व.२०८०/८१ मा भुक्तानी भएको जम्मा भत्ता रकम (६९८जना) | | | | | | १,५०,२५,२४० ।- रुपैया । | |

**जम्मा लाभग्राही संख्या ६९८ जना**

## ४) अन्यतर्फ

| क.स. | शिर्षक | जम्माजम्मा रकम | कैफियत |
|---|---|---|---|
| १ | भुमी तथा मालपोत | १५७३९५.१० | |
| २ | व्यक्तिगत घटना दस्तुर | ३६,८०० | |
| ३ | अन्य सवै प्रकारका प्रशासनिक सेवा शुल्क | २३७९०५.३९ | |
| | जम्मा राजश्व संकलन | ४,३२,१००.४९ | |

# आ.व २०८०-०८१ मा विनियोजित रकम (गा.पा.बाट)

| क्र.सं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | हाइबाङ हुँदै चर्चुहाले कालापोखरा मो.बा. निर्माण | ५,५०००० ।- |
| २ | धाराखोला खानेपानी मर्मत | १,५०,०००।- |
| ३ | पोखरी ब्रहामन्दीर शौचालय खा.पा. निर्माण | १,५०,०००।- |
| ४ | कोप्चीखेत कुलो मर्मत | १,००,०००।- |
| ५ | झिझिसिम देखि डाँडागाऊँ खानेपानी खरिद | ५०,०००।- |
| ६ | रेडक्रस सोसाइटी उपशाखा भवन मर्मत | २,००,०००।- |
| ७ | दुइखोली खेलकुद मैदान निर्माण | १,००,०००।- |
| ८ | बागमारा बजार खानेपानी मर्मत | ३,००,०००।- |
| ९ | रिमाखोला खानेपानी मर्मत | २,५०,०००।- |
| १० | रा.मा.वि.केवरी भवन मर्मत | २,००,०००।- |
| ११ | उपल्लो केवरी फिल्ड निर्माण | १,००,०००।- |
| १२ | चर्चुहाले खानेपानी मर्मत | १,००,०००।- |
| १३ | मालुझुङ सिचाइ मर्मत | १,५०,०००।- |
| १४ | साँपमारे पूर्णागाउँ खानेपानी मर्मत | ४,००,०००।- |
| १५ | ताइबाङ खेत संरक्षण | १,५०,०००।- |

| | | |
|---|---|---|
| १६ | **बाल विकास केन्द्र रानीडेरा घेरबार खा.पा. निर्माण** | **२,००,०००।-** |
| १७ | मालुभ्कुङ खानेपानी मर्मत | २,००,०००।- |
| १८ | परिवर्तन पार्क मर्मत | ५,००,०००।- |
| १९ | धारबन खानेपानी मर्मत | ३,००,०००।- |
| २० | इरिबाङ विद्युत कुलो मर्मत बागमारा | २,५०,०००।- |
| २१ | बागमारा बजार चुनबाङखोला तट्बन्धन | ४,००,०००।- |
| २२ | तिखाधुरी खेलकुद मैदान निर्माण | ३,००,०००।- |
| २३ | बहुउद्देश्य कर्वडहल बागमारा मर्मत | ५,००,०००।-रकमान्तर |
| २४ | रातापहर ओखरेनी अत्बारे डाडा खानेपानी मर्मत | १,५०,०००।- |
| २५ | वि.एम नर्सरी उद्योग पुष्प नर्सरी | १,५०,०००।- |
| २६ | धाराखोला खानेपानी मर्मत | १,५०,०००।- |
| २७ | झिमसिम देखि डाडाँगाउँ पाईप खरिद | ५०,०००।- |
| २९ | वडा कार्यालय मेसिनरी वाल | १०,००,०००।- |
| | गाउँपालिका द्वारा जम्मा प्राप्त बजेट | |

# आ.व २०८०–८१ मा विनियोजित रकम (संघ र प्रदेश सरकार द्वारा)

| क्र.सं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | वडा कार्यालय देखि केवरी मोटर बाटो | १०,००,०००।- |
| २ | कुन्पा केवरी इरिबाङडाँडा मोटर बाटो स्तर उन्नती | ३०,००,००० |
| ३ | केवरीखोला हाङ्टा भङबारे सिचाइ योजना | ९,००,००० |
| ४ | जुगेखोला तल्लो केवरी खानेपानी निर्माण | ९,००,००० |
| ५ | तल्लो नारखोरिया खानेपानी निर्माण | ९,००,००० |
| ६ | लाली गुराँस भवन निर्माण | ३०,००,००० |
| ७ | इरिबाङ खानेपानी मर्मत | ५,००,०००।- |
| ८ | खरिबोट पाछ्राबाङखोला तट्बन्धन | ३०,००,०००।- |
| ९ | दोडेरा रपा लिफ्टिङ योजना | १८,००,०००।- |
| १० | साँपमारे लिफ्टिङ योजना | १८,००,०००।- |
| ११ | लखनमार्ग धारकम्ड भुपा ताइबाङ मो.बा. निर्माण | २०,०००००।- |
| १२ | सानिगाड खोला पूल निर्माण | ३,४०,००,०००।- |
| १३ | सानीगाडखोला तटबन्धन | १५,००,०००।- |
| १४ | काउलाबोट पहिरो नियन्त्रण | ५,००,०००।- |

| | | |
|---|---|---|
| १५ | ल्याम्लाखोला खानेपानी निर्माण | ३०,,०००००।- |
| १६ | राततटाउके खोला कमेरीभिर खेत सिचाई आयोजना | ९,००,०००।- |
| १७ | केवरीखोला तटबन्ध | १०,००,००० |
| १८ | केवरीखोला झोलुंगेपुल निर्माण | ४१५५१८३.६३ |
| १९ | चोथ्राबोटखोला माईसिम हुदै चुकबोट सम्म ग्याविङ जाली सहित | १०,००,००० |
| २० | उपल्लो केवरी तल्लोडेरा बाङरीबोट सिचाई योजना | ९,००,००० |
| | जम्मा प्रदेश तथा संघिय सरकारबाट प्राप्त बजेट | ३१,७९५,१८३।६३ |

# पशुसेवा शाखा

- परिवर्तन गाउँपालिका पशुसेवा शाखाको समन्वयमा यस वडाको वडा कार्यालय, केवरी र बागमारा केन्द्र बनायर करिव ३५० कुकुरलाई रेबिज विरुद्धको खोप कार्यक्रम सञ्चालन भएको छ ।

- भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको समन्वयमा यश वडाको सबै किसानको घर घरमा नै गएर पशुहरमा लाग्ने महामारीजन्य  रोग , खोरेत , लम्पिस्किन तथा पिापी आर बिरुद्धको खोप कार्यक्रम सञ्चालन भएको छ ।

- भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सहयोगमा परिवर्तन ३ को वादी समुदायमा वाखा वितरण सम्पन्न भएको छ ।

- यस वडा कार्यालयमा गत आ.व.देखी पशुसेवा इकाई केन्द्र सञ्चालन भई नियमितरुपमा विभिन्न जातका पशुहरुको नियमितरुपमा उपचारको साथै प्राविधिक सेवा सुचारु भैरहेको छ ।



परिवर्तन गाउँपालिका
दलित बस्तीमा जनचेतनामूलक कार्यक्रम
परिवर्तन गा.पा.-३, रोल्पा
आयोजक:
JACK & JONES







# समाप्त

# परिवर्तन गाउँपालिका वडा नं.४ पाछावाङको आ.व.२०८०।०८१ को समिक्षा २०८१।०४।३०

आ.व.२०८०।०८१ मा यस परिवर्तन गाउँपालिका ४ नं.वडा पाछावाङले संचालन गरेका योजना तथा कार्याक्रमहरुको समिक्षा गर्दा यस वडाले चालेका सामाजिक अभियानका कार्यहरु गर्दा देखिएका प्रगति,चुनौती र आगामी वर्ष ०८१।०८२ मा हुने कार्याक्रम तथा योजनाहरुको कार्यन्वयन तथा प्रगति वारेमा केही वुदाहरु तल प्रस्तुत गरिएको छ ।

## यस वडाले समाज परिवर्तनका लागि चालेका विभिन्न अभियानहरुको प्रगति

१.पूर्णसरफाई अभियान सम्बन्धी कार्याक्रम यस वडाले यस वडामा रहेका १० वटा टोल विकास संस्थाहरुका पदाधिकारीहरुलाई भेला बनाई १ दिने पूर्ण सरसफाई सम्बन्धी अभिमुखीकरण कार्याक्रम संचालन गरेको थियो । जुन कार्याक्रम बाट अझै पनि टोलहरुमा पूर्ण सरफाईको सुचकहरु पुरा गरे नगरेको अनुगन गर्ने छिट्टै टोलहरुलाई पूर्ण सरफाई उन्मुख टोल घोषणा गर्ने प्रतिवद्धता रहेका थियो ।




२.यस वडाले आ.व.२०८०।०८१ मा कृर्षि तथा पशुपन्छी शिर्षकमा बजेट विनियोजित गरेको थियो उक्त बजेट बाट यस वडाले यस वडा भित्र रहेका कृषकहरुलाई ५० प्रतिशत अनुदामा तरकारीहरुको विउविजन तथा विषादीहरु वितरण गरि यहाँ रहेका कृषकहरुलाई उत्पादनहरुमा वृद्धि ल्याउने प्रयास गरिएको छ । साथै पशुहरुका लागि निशुल्क पशुमा हुने विभिन्न रोगहरुको पहिचान गरि यस वडाको लछरतासे र भेरिखर्क स्थानमा पशु शिविर संचालन गरि निशुल्क औषधी वितरण गरिएको थियो भने शिविरमा छुटेकाहरुका लागि यस वडा कार्यालय बाटै निशुल्क पशुहरुको औषधी वितरण गर्ने काम निरन्तर छ । जसबाट यस वडामा विभिन्न पशुपन्छीहरुको

रोगहरुको पहिचान तथा उपचार गरि कृषकहरुमा व्यवसायमा थप सहयोग भएको छ । साथै बिभिन्न जातका पशुमा बिभिन्न संक्रामक रोग विरुद्ध खोप सेवा दिएको छ ।

३.प्रदेश सरकारको अनुदानमा पोषण सुधारका लागी प्रगती कृर्षक समुहमा कुखुरा वितरण कार्यक्रम सम्पन्न भएको छ ।

४.यस वडाले आ.व.२०८०।०८१ मा विभिन्न लक्षित समूहहरुका लागि बजेत विनियोजित गरि तिनीहरुको जिवन स्तर माथि उठाउन प्रयास गरेको थियो जस अनुसार यस वडाले दलित महिला आय आर्जन कार्याक्रम अन्तर्गत यस वडामा रहेका दलित महिलाहरुलाई छनौट आय आर्जनका र पोषण सुधारका लागि उनीहरुका इच्छा अनुसार यस वडाले गाउँपालिका पशु सेवा शाखा र वडाको समन्वयन वाट उन्नत जातका कुखुरा खरिद गरि वितरण गरेको थियो,भने यस वडामा रहेका महिलाहरुलाई सचेत गराउनका लागि महिलाहरुका लागि महिला नेतृत्व सम्बन्धी अभिमुखीकरण कार्याक्रम संचालन गरेको थियो ।

महिला नेतृत्व सम्बन्धी सचेतनामूलक कार्याक्रमको झलक




५.यस वडाले आ.व.२०८०।०८१ मा यस वडामा संचालन भएका योजना तथा कार्याक्रमहरुलाई बृत चित्र तथा भिडियो मार्फत देखाउनका लागि बजेत विनियोजित गरि उक्त कार्याक्रम तथा योजनाहरुको प्रोफाईल बनाउन प्रयास गरेको थियो ।

६.यस परिवर्तन गाउँपालिका ४ नं. वडामा गाउँपालिकाबाट बिनियोजित आलु पकेट क्षेत्र कार्याक्रम ३ वटा समुहमा संचालन भएको, जसको कार्यक्रम संचालन गर्नको लागी प्रत्येक समुहबाट प्रतिनिधित्व हुने गरी पकेट संचालक समिति गठन भई काम गरेको

हुनाले समितिका सदस्यहरुको सक्रियताको कारण कार्यक्रम संपन्नमा सहजता भएको हो ।

७.उक्त कार्यक्रम संचालन गरे पश्चात अनुगमन गर्दा आलुको अबस्था ठिकै थियो । सिचाईको कमिले गर्दा आलुको बृद्धिमा कमि भएको थियो ।

८.आलु पकेट कार्यक्रम संचालन भए पश्चात संचालन भएका स्थानमा त्यहाँका कृषकहरुको आलु खेती प्रति चाँसो भएको छ । आगामी अर्को वर्ष देखि झन आलु खेतीको बिस्तार बढ्दै जाने संभावना देखिन्छ । यस्तै अन्य बालीहरुको पनि कार्यक्रमहरु संचालन गरे पश्चात अन्य बालीहरुको खेती बिस्तार बढ्दै जाने संभावना रहेको छ ।

तरकारी पकेत क्षेत्र




८.कृषिमा आलु पकेट,लसुन पकेट तथा अन्य तरकारीहरु उत्पादनले गर्दा साच्चिकै यस वडाका कृषकहरु आर्थिक उन्नति तिर अघि बढि आफ्नो जिविका चलाउन सक्षम भएको देखिन्छ । जसले गर्दा यो आ.व.यसलाई अझ सशक्त रुपमा अघि बढाईने छ ।

## आलु पकेट क्षेत्र परिवर्तन ४ पन्चासे



९.आ.व.२०८०।०८१ सामाजिक सुरक्षा भत्ता खाने लक्षित समूहहरु अन्तर्गत उक्त आ.व.अन्य जेष्ठ नागरिक १ जना, क्षेत्र तोकिएको बालबालिकाहरु २५ जना, विद्युवा महिला २ जना र दलित बालबालिका ४ जनाले नयाँ भत्ताका लागि निवेदन पेश गरि दर्ता गरि नयाँ भत्ता खादै आई रहेका छन भने आ.व.२०८०।०८१ मा जम्मा अन्य जेष्ठ नागरिक भत्ता खाने २८८ जना, दलित जेष्ठ नागरिक भत्ता खाने २९ जना,एकल महिला भत्ता खाने ३४ जना,

विद्युवा भत्ता खाने ९३ जना,क्षेत्रतोकिएको बालवालिका भत्ता खाने ४३२ जना,दलित बालबालिका भत्ता खाने ५६ जना र अति अशक्त अपांग भत्ता खाने ३२ जना गरि जम्मा ९६४ जनाले गएको आ.व.मा भत्ता बुझिरहेका छन । त्यसलाई तल तालिका प्रस्तु गरिएको छ ।

| क्र.स. | लक्षित समूह | जम्मा संख्या | दर | पहिलो त्रैईमासिक जम्मा | कुल जम्मा सबै त्राईमासिकको |
|---|---|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक | २८८ | ४०००। | ११५२०००। | ४६०८०००। |
| २ | दलित जेष्ठ नागरिक | २९ | २६६०। | ७७१४०। | ३०८५६०। |
| ३ | एकल महिला | ३४ | २६६०। | ९०४४०। | ३६१७६०। |
| ४ | विद्युवा महिला | ९३ | २६६०। | २४७३८०। | ९८९५२०। |
| ५ | क्षेत्र तोकिएको बालबालिका | ४३२ | ५३२। | २२९८२४। | ९१९२९६। |
| ६ | दलित बालबालिका | ५६ | ५३२। | २९७९२। | ११९१६८। |
| ७ | अति अशक्त अपांग | ३२ | २१२८। | ६८०९६। | २७२३८४। |
| | जम्मा | ९६४ | | १८९४६७२। | ७५७८६८८। |

१०. आ.व.२०८०।०८१ यस वडामा गाउँपालिकाको उद्यम विकास बाट यस वडामा रहेका विपन्न घरपरिवारका सदस्यहरुलाई छनौट

गरि स्थानीय कच्चा पदार्थहरुको प्रयोग बाट मसाला तथा अचार बनाउने तालिम ३१ जनालाई दिएको थियो भने उक्त तालिम बाट यस वडाका विपन्न परिवारहरुले आफ्नो सिपको प्रयोग गरेर अचार बनाउने तरिका सिकेका थिए जसका लागि यस वडालाई उक्त अचार तथा मसाला बनाउनका लागि ३ वटा मेसिन प्राप्त भएको छ भने उक्त मेसिन यस वडामा विद्युतको पावर र भवन नभएको कारण संचालन हुन सकेको छैन भने उक्त मेसिन संचालन गर्न यस वडा तथा गाउँपालिका बाट विद्युतको पावर विस्तार  र भवन बन्नु अति जरुरी रहेको देखिन्छ ।

११.आ.व.२०८०।०८१ मा यस वडामा हुने दैनिक प्रशासनिक कामकाजहरु निरन्तर रुपमा भईरहेको छ भने उक्त आ.व.व्यक्तिगत घट्ना दर्ता अन्तर्गत जन्मदर्ता १४५ वटा,मृत्युदर्ता ३२ वटा,विवाह दर्ता ६९ जोडी,सम्बन्ध विच्छेद ५ जोडी र बसाईसराई १४ घरपरिवार बसाई सरेर बाहिर गएका थिए भने घरबाटो  सिफारिस ८० वटा,नाता प्रमाणित १०७ वटा,अन्य विविध सिफारिस ५८० वटा ,नागरिकता सिफारिस ४२ वटा र नागरिकता प्रतिलिपि सिफारिस २१ वटा भएको देखिन्छ ।

१२.आ.व.२०८०।०८१ मा यस वडाले मालपोत वाफत रु २८६३६३।९७, सिफारिस वाफत ११३५००।, व्यक्तिगत घट्ना दर्ता वाफत रु ७०७००। ,नाता प्रमाणित वाफत रु १२८०० र अन्य दस्तुर वाफत रु १८०००। गरि जम्मा रु ५०१३६३।९७ मात्र राजश्व संकलन गरि गाउँपालिकाको संचित खातामा जम्मा गरेको थियो ।

आ.व.२०८०।०८१ मा यस परिवर्तन गाउँपालिका वडा नं.४ को विनियोजित योजना तथा कार्याक्रमहरुका लागि गा.पा.बाट वडालाई चालु र पुजीका लागि जम्मा रु ३० लाख त्रिचालिस हजार प्राप्त भएको,प्रधान मन्त्री रोजगार कार्याक्रम बाट रु १० लाख ४७ हजार ४६ रुपैया ४९ पैसा र गा.पा.प्रदेश बाट जम्मा रु ६६ लाख ५० हजार गरि जम्मा रु १ करोड ७ लाख ४० हजार ४६ रुपैया ४९ पैसा विनियोजित भएकोले उक्त योजना तथा कार्याक्रमहरु तपसिल अनुसार रहेकोले उक्त योजनाहरुको आय व्यय तपसिल अनुसार सार्वजनिक गरिएको छ ।

तपसिल

| क्रं.स. | **योजनाको नाम** | **विनियोजित रकम** | स्विकृत रकम | **काम भएको** | **काम नभएको** |
|---|---|---|---|---|---|
| १ | ५० प्रतिशत अनुदानमा कृषि विउविजन विषादी खरिद वितरण कार्याक्र | १०००००। | १०००००। | काम भएको | |
| २ | पशुपन्छी सम्बन्धी कार्याक्रम | ९३०००। | ९३०००। | काम भएको | |
| ३ | चालु खर्च | ३५००००। | ३५००००। | काम भएको | |
| ४ | दलित महिला आय आर्जन कार्याक्रम | १५००००। | ४०००००। | काम भएको | |
| ५ | महिला नेतृत्व | १०००००/ | १०००००/ | काम भएको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्बन्धी सचेतना मूलक कार्याक्रम | | | | | |
| ६ | वडाको प्रफाईल तथा वित्त चित्र निर्माण योजना | १५००००। | १५००००। | काम भएको | | |
| ७ | सबै टोल विकासहरुमा पूर्णसरफाई सम्बन्धी अभिमुखीकरण कार्याक्रम | १०००००/ | १०००००/ | काम भएको | | |
| ८ | कार्यालय व्यवस्थापन खर्च अन्तर्गत दराज तथा अन्य समाग्री खरिद | १०००००। | १०००००। | काम भएको | | |
| ९ | पाछावाङ स्वास्थ्य चौकी मर्मत तथा आवश्यक समान खरिद | १५००००। | १५००००। | काम भएको | | |
| १० | मा.वि.माईस्थान फर्निचर निर्माण योजना | १०००००। | १०००००। | काम भएको | | |
| ११ | आग्र कालापोखरा सडक स्तर उन्नति योजना | १०००००। | १०००००। | काम भएको | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | खोलागाऊ धोपीघैरा,तल्लो टोल उपल्लो टोल खा.पा.ट्यांकी मर्मत योजना | १०००००। | १०००००। | काम भएको | | |
| १३ | चिप्ले छोतीपात्ल विच टोल टाकुरा खा.पा.ट्यांकी मर्मत योजना | २०००००/ | २०००००/ | काम भएको | | |
| १४ | जुगेपानी खा.पा.ट्यांकी निर्माण तथा पाईप विस्तार योजना | १०००००। | १०००००। | काम भएको | | |
| १५ | ठुली मुल धुल्सी खोर्य खा.पा.मर्मत तथा पाईप विस्तार योजना | १०००००। | १०००००। | काम भएको | | |
| १६ | पैराखोला पखेरह खा.पा.ट्यांकी निर्माण योजना | १०००००। | १०००००। | काम भएको | | |
| १७ | कुचिवांग स्लायप पुल निर्माण योजना | १०००००। | १०००००। | काम भएको | | |
| १८ | केवाङ आरखोला गोरेटो निर्माण योजना | १०००००। | १०००००। | काम भएको | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | ठुलचौर मंच निर्माण तथा मन्दिर व्यवस्थापन योजना | १०००००। | १०००००। | काम भएको | |
| २० | राक्सेवाङ घुम्ने बाटो देखि वडा कार्यालय सम्म सडक ग्राविलिङ योजना | २०००००। | २०००००। | काम भएको | |
| २१ | श्री सरस्वती आ.वि. तातापानी विद्यालय घेरवार तथा व्यवस्थापन योजना | ५००००। | ५००००। | काम भएको | |
| २२ | सिम्री टोल स्लायाप पुल निर्माण योजा | १०००००। | १०००००। | काम भएको | |
| २३ | ज्लजला युवा क्लव भवन मर्मत योजना | ३००००/ | ३००००/ | काम भएको | |
| | **जम्मा** | **३०४३०००।** | **३०४३०००।** | | |

## प्रधानमन्त्री रोजगार वाट विनियोजित योजना तथा कार्याक्रमहरु

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सिम्री कावलडाँडा कालापोखरा गोरेटो मर्मत योजना | २०००००। | २०००००। | काम भएको | गा.पा. |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | पाल्लेडाँडा,दुमैखोला, कालापोखरा,गोरेटो बाटो मर्मत योजना | २५१६९४। | २५१६९४। | काम भएको | गा.पा. |
| ३ | पाहावाङ तट्बन्धन योजना | २४८५४८।४९ | २४८५४८।४९ | काम भएको | गा.पा. |
| ४ | राहेकाटे सडक मर्मत योजना | १०००००। | १०००००। | काम भएको | गा.पा. |
| ५ | राक्सेवाङ,रालेखोला गोरेटो बाटो मर्मत योजना | १२३४०२। | १२३४०२। | काम भएको | गा.पा. |
| ६ | वडा कार्यालय देखि सिरुवाली ३ नं. सम्म गोरेटो वाटो मर्मत योजना | १२३४०२। | १२३४०२। | काम नभएको | गा.पा. |
| | जम्मा | १०४७०४६।४९ | १०४७०४६।४९ | | |

## संघ,प्रदेश र गाउँपालिका बाट प्राप्त भई विनियोजित भएका योजनाहरु

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कुचिवाङ मुठावाङ कालापोखरा गंगादेव गाउँपालिका जोड्ने सडक निर्माण योजना | ४०००००। | ४०००००। | काम भएको | गा.पा.वाट |
| २ | दोमै खोला गोरेटो बाटो पि सि सि निर्माण | १०००००। | १०००००। | काम नभएको | गा.पा.वाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | योजना | | | | |
| ३ | धोतेरा आरखोला राक्सेवाङ सडक निर्माण योजना | ४०००००। | ४०००००। | काम भएको | गा.पा.बाट |
| ४ | पाहावाङ सडक तट्बन्धन निर्माण | २०००००। | २०००००। | काम भएको | गा.पा.बाट |
| ५ | भेरिखर्क सिजाखोला दवारे मोटर वाटो निर्माण योजना | २५०००००। | २५०००००। | काम भएको | गा.पा.बाट |
| ६ | भेरिखर्क सिजाखोला दवारे मोटर वाटो निर्माण योजना | २५०००००। | २५००००० | काम नभएको | प्रदेश बाट |
| ७ | किमबोट पाहावाङ वडा कार्यालय जोड्ने मोटर बाटो निर्माण | ५५००००। | ५५००००। | काम भएको | गा.पा.बाट |
| | जम्मा | ६६५००००। | ६६५००००। | | |

## गत आ.व.मा यस वडामा संचालन भएका योजना तथा कार्याक्रमहरु कार्यन्वयन गर्दा भएका चुनौति तथा सल्लाह सुझाबहरु

१.आ.व.वर्ष २०८०।०८१ मा यस वडावाट संचालन गरिरएका योजना तथा कार्याक्रमहरुको पारदर्शी रुपमा कार्य सम्पन्न गर्नका लागि यस वडाले आफ्नो कार्य व्यसतताको कारणले योजना तथा

कार्याक्रमहरुको अनुगमन गर्नु पर्नेमा अनुगमन हुन नसकेको र आगामी आ.व.वर्षमा उक्त अभियानलाई निरन्त्रता दिने प्रतिवद्धता गर्दछ ।

२.योजना फरफारक गर्ने वेला योजनाका उ.स.ले केहि विलभरपाई तथा आवश्यक कागजात मिलाउनका लागि वडा कार्यालय बाट व्यवस्था मिलाएको अवस्थामा गा.पा.वाट फर्कनु नपर्ने रहेको देखिन्छ एकाट उ.स.हरु प्राविधिक र गा.पा.कार्यालय सँग समय नपुग्दा फर्कनु पर्ने समस्यालाई आगामी दिनमा उक्त समस्यालाई हलगर्ने गरि यस वडापालिकाले आवश्यक थप कार्ययोजना बनाउनु पर्ने देखिन्छ ,आगामी वर्षमा यसकुरालाई मध्यनजर गरि योजनाका उ.स.लाई वडा तथा गा.पा.वाट गोष्ठीको आयोजना भए पनि वर्षेनि योजनाका उपभोक्ता समिति फेरिने भएकाले प्रत्येक वर्ष उपभोक्ता समितिहरुलाई गाउँपालिका बाट गोष्ठी आवश्यकता भएको देखिन्छ ।

३.आ.व. ०८०।०८१ मा संचालन भएका योजनाहरु समयमै कार्य सम्पादन भए पनि केहि कार्याक्रमहरु स्थानीय तह निर्वाचनको कारणले गर्दा सोचे जस्तो समयमा कार्याक्रम सम्पन्न गर्न हम्मे हम्मे भएको देखिन्छ यस समस्यालाई आगामी दिनमा कार्यतालिका बनाई साना तथा ठूला योजनाको समय छुट्याउन कार्यालय बाट पहल गरिने व्यवस्था गा.पा.बाट मिलाउनु पर्ने देखिन्छ ।

४.योजना उपभोक्ताहरुको तर्फबाट योजना सम्झौता गरिसके पछि स्टामेट अनुसार नियमअनुसारको सुचना पाटी तयार गर्ने स्टामेट अनुसारको माल मेर्टियल तथा श्रमदान गर्नुपर्नेमा नेपाली भाषामा

लेखि उपभोक्तालाई प्राविधिकले दिनु पर्ने आवश्यक देखिनछ । त्यसो गर्दा उपभोक्तालाई विलभरपाइ बनाउन सहजता पुग्ने देखिन्छ ।

५.नेपाल सरकारले लक्षित समूहलाई दिदै आएको विभिन्न प्रकारका सामाजिक सुरक्षा भत्ताहरु खादै आएको कुरा सर्वविदितै छ उक्त भत्ता रकम बैंक बाट बुझ्न जादा यस वडाका लाभग्राहीहरुले विभिन्न समस्याहरु भोक्दै आएका छन समयमा पैसा नपाउनु,चेक नपाउनु,लाईनमा धेरै बस्नु आदि जस्ता समस्याहरु रहेको देखिन्छ यो कुरालाई मध्यनजर गरि ग्लोबल आई.एम.ई. बैंकका कर्मचारीहरुको सहयोगमा यस वडासँग समन्वयन गरि सामाजिक सुरक्षा भत्ता वडा कार्यालय बाटै वितरण गर्ने पहल गरि दिएमा अझ सहज हुने थियो ।

६.वडाका व्यक्तिगत घट्ना,राजश्व तथा सामाजिक सुरक्षा भत्ता दर्ता जस्ता कामकाजहरु अनलाईन बाट हुने भएकोले नेटको समस्या भई कामकाज गर्न केहि असहज भई रकेको हुँदा यो कुरालाई मध्यनजर गरि गाउँपालिका बाट वडाको नेटको क्षमता बढाई दिएमा वडाहरुलाई कामकाज गर्न अलि सहज हुने देखिन्छ ।

७.यस वडाको भौगोलिक विकताको कारण यस वडामा रहेका जनसमुदायहरुका लागि स्वास्थ्य उपचारको समस्यालाई मध्यनजर गर्दै यस वडाको साविक १,२,३ र ४ का लागि पाएक पर्ने ठाउँ लछरतासेमा प्राथामिक स्वास्थ्य केन्द्र स्थापना गरि दिए अझ राम्रो हुने थियो ।

**यस वडाले आगामी वर्ष २०८१।०८२ मा गर्ने वडाका कामकाज,योजना तथा कार्याक्रमहरुको कार्ययोजनाहरु**

१.यस वडाले आ.व.२०८१।०८२ को वजेत तथा कार्याक्रमहरु गा.पा.मा पेश गरि सकेकोले उक्त कार्याक्रम तथा योजनाहरु समयमै सम्पन्न गर्ने तयारी गर्ने छ ।

२.यस आ.व.मा कृषि प्रणालीमा जोड दिनका लागि साविकका टोलहरुमा लसुन,प्याज तथा आलु पकेट क्षेत्र स्थापना गरि सकेको हुनाले उक्त पकेट क्षेत्रलाई अझ सशक्त रुपमा अघि बढाई कृषकहरुले उत्पादन गरेको बस्तुहरुलाई विक्रीवितरण गर्न वडा गाउँपालिका हुँदै वजारको व्यवस्था मिलाउन गाउँपालिकाको कार्यालयलाइ प्रस्ताप पेश लागि अघि बढाईने छ ।

३.यस आ.व.मा संचालन हुने योजना तथा कार्याक्रमहरुको उ.स.गठन यहि भाद्र मसान्त सम्म गठन गरि सम्झौता प्रक्रिया अगाडी वढाइने छ ।

४.यस वर्ष संचालन हुने योजनाहरुको कार्यसम्पादन भई सके पछि वडाको अनुगमन समितिले अनुगमन गरि सके पछि मात्र अन्तिम किस्ता भुक्तानीका लागि सिफारिस गरिने छ ,काम सम्पन्न नहुदै फरफारकको सिफारिस माग्न आएमा उक्त योजनालाई सिफारिस दिईने छैन ।

५.समाज परिवर्तनका लागि यस वडाले चालेका विभिन्न अभियानहरु जस्तै – वालविवाह उन्मुलन,पूर्णसरसफाई उन्मुख वडा घोषणा

कार्याक्रम,मदिरा नियन्त्रण जस्ता अभियानलाई निरन्तरता दिई अझै ठोस रुपमा कार्ययोजना वनाई अघि वढाईने छ ।

६.यस वडामा रहेका १० वटै टोल विकास समितिका पदाधिकारीहरुको बैठकलाई समय अनुसार नियमित वस्न आह्वान गरि टोलमा भई रहेका समाज सुधारका अभियानलाई अझ सक्रिय रुपमा बढाउन पहल गरिने छ ।

७.यस वडाले ०८१।०८२ मा संचालन हुने विभिन्न कार्याक्रम तथा योजनाहरुको वृतचित्र तयार गरि १० वटै टोलविकासहरुमा यसको प्रचार प्रसार गरि आम जनसमुदायमा यस वडाले गरेको कामको विवरण जनसमुदायका पुराउने अपेक्षा गरिएको छ ।

# धन्यवाद

# परिवर्तन गाउँपालिका ०५ नं वडाकार्यलय राङकोट रोल्पाको आ.व.०८०।०८१ को वार्षिक प्रगति प्रतिवेदन







# स्वागतम

मिति : २०८१।०५।०६

## पृष्ठभुमी

रोल्पा जिल्लाको उत्तर भेगमा पर्ने साविकको राङकोट गा.वि.स. लाई हाल स्थानिय सरकार सन्चालन ऐन लागु भए पश्चात परिवर्तन गाउपालिकाको ०५ नं वडा नामाकरण गरिएको छ । सदरमुकाम देखि करिव २४ कोष उत्तर पश्चिम ताढा रहेको यस वडा को २३ वर्ग किलोमिटरमा फैलिएको छ। यस वडाको पुर्वमा परिवर्तन गा.पा. को ०१ नं वडा कुरेली, पश्चिम दक्षिणमा परिर्वन गा.पा.को ०३ नं वडा थुनिकोट, पश्चिम उत्तरमा परिवर्तन गा.पा. ०४ नं वडा पाछावाङ, दक्षिणमा परिवर्तन गा.पा.कै ०२ नं वडा राङसि र उत्तरमा रुकुम पुर्वको भुमे गा.पा.को वडा नं ९ चुन्वाङ पर्दछ। करिव २० % क्षेत्री, ३ % दलित २ % अन्य र ७५ % मगर जाति बसोवास गर्ने भएता पनि मगर भाषा बोल्ने संख्या भने सुन्य रहेको छ । पैाराणिक मौलिक भेष भुषा र सांस्कृतिक सम्पदाको धनि यस वडाले ग्रामिण पर्यटनको प्रसस्त सम्भावना वोकेको छ ।

परिवर्तन गा.पा. ५ नं वडा कार्यलय सतह देखि करिव २२०० मितर माथि अवस्थित रहेको छ । यस वडा कार्यलय सवै साविक वडा हरुको सेन्टर मा पर्दछ ।यस वडाले निरन्तर रुपमा जनताहरुको सेवा गर्दै आएको छ। वद्लिदो मैासम सँगै वद्लिदो समय अनुसार वद्लिदो अवस्थामा पनि निरन्तर आफ्नो जिम्मेवार प्रति जनताको सेवा गर्दै आएको छ ।यहाका वासिन्दा , राजनैतिक दल,वुद्दिजिवी, शिक्षक, कर्मचारी तथा युवा हरुको यकल सक्रियता सँगै जननिर्वाचित प्रतिनिधिहरुको सक्रिय सहभागिताले परिवर्तन गा.पा.कै १ नं मा वालविवाह, मदिरा नियण्त्रण कार्यमा निरन्तरता दिदै आएको भएता पनि पछिल्लो समय अलि यस्ता कार्य हरु विकृतिको रुपमा वढ्दै गएको हामिलाई महसुस भएको छ पक्कै पनि यहाँका जिम्मेवार वुद्दिजिवी तथा आम नागरिकले पनि यस विषयमा नसोचिदिएमा यस वडाले तथा स्थानिय सरकारको एकलौति प्रयासले मात्र अभियान सफल हुन सक्दैन र यसले विकराल रुप लिन सक्छ । यस ०५ नं वडाले सामाजिक अभियानका कार्यहरु खुल्ला दिसा मुक्त घोषणा, खलो प्रथा अन्त्य, पुर्ण खोप युक्त घोषणा सँगै पुर्ण सरसफाई को अभियानलाई निरन्तरता र लैङ्गीक हिँसा मुक्त वडामा पनि जोडदारले काम कार्य अगाडि बढाइरहेको छ ।

# बजेट

आ.व. ०८०।०८१ मा यस ०५ नं वडाकार्यलयले जम्मा रकम रु २४,५१,५५० - अक्षरुपि चौविस लाख एकाउन्न हजार पाँच सय पचास रुपैया मात्र। रकम विनियजित गर्ने अधिकार पाएको थियो । जस मध्यमा सामाजिक विकास तर्फ विभिन्न शिर्षकमा जम्मा रकमको ३५.६९%, भौतिक पुर्वधार तर्फ जम्मा रकमको १७.३४%, सुशासन तथा सँस्थागत विकास तर्फ जम्मा रकमको ३३.६५%, वन वातावरण तथा विपत व्यवस्थापन तर्फ ७.२१ % र आर्थिक विकास तर्फ जम्मा रकमको ६.११% विभिन्न शिर्षकमा खर्च भयो । यसै गरि पुर्वाधार विकास बाट रु १,५०,०००, (अक्षरुपि एकलाख पचासहजार) गा.पा. बाट शहिद स्मृति रंगशाला धामाचौर घेरवार गेट निर्माण तथा व्यवस्थापन शिर्षकमा रु १०,००,०००। अक्षरुपि दशलाख रुपैया मात्र ।,स्तनपान कक्ष तथा प्रतिक्षालय निर्माण शिर्षकमा रु ८,००,०००। अक्षरुपि आठलाख रुपैया मात्र ,र खानेपानी लगायतका विभिन्न शिर्षकहरुमा करिव रकम रु १७,५०,०००। - अक्षरुपि सत्र लाख पचास हजार रुपैया मात्र । रकम गरि जम्मा रु ६१,५१,५५० - अक्षरुपि एकसठ्ठि लाख एकाउन्न हजार पाचसय पचास रुपैपा मात्र) रकम यस वडामा खर्च भएको थियो । प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत नेपाल सरकार बाट रु ४६३८०२३ ( अक्षरुपि चार लाख त्रिसठ्ठी हजार आठसय त्याइस रुपैया), आई.डि.ए. बाट रु ३५८११३ ( अक्षरुपि तिन लाख अन्ठाउन्न हजार एक सय तेर्ह रुपैया) र गा.पा. बाट रु १२७१७७ (अक्षरुपि एक लाख सत्ताइस हजार एक सय सत्तहत्तर रुपैया मात्र ) गरेर जम्मा रकम रु. ९४९११३ (अक्षरुपि नौ लाख उन्पचासहजार एकसय तेर्ह रुपैया ) यस वडामा खर्च भयो ।

## प्रगति विवरण:

आ.व. ०८०।०८१ मा यस वडाले मालपोट रकम बाट जम्मा रकम रु २३८००७.७९ । - अक्षरुपि दुइलाख अर्तिस हजार सात रुपैया उनासि पैसा मात्र रकम उठाएको थियो भने सिफारिस दस्तुर बाट जम्मा रकम रु १,९७,६००। - एक लाख सन्तानब्बे हजार सात सय रुपैया मात्र । व्यक्तिगत घटना दर्ता दस्तुर बाट रु ६६,५००। छैसठि् हजार पाचसय रुपैया मात्र । नता प्रमाणित दस्तुर बाट ९,४००। नौ हजार चार सय रुपैया मात्र र अन्य राजस्व दस्तुर बाट रु १७,१९५। सत्र हजार एकसय पन्चानब्बे रुपैया रकम गरेर जम्मा रकम रु ५,२८७०२.९७ ( अक्षरुपि पाच लाख अठ्ठाइस हजार सात सय दुइ रुपैया सन्तानब्बे पैसा ) आम्दानि गरेको थियो ।

## पञ्जिकरण तर्फ :

### घटना दर्ता तर्फ :

आ.व. ०८०।०८१ मा यस ०५ नं वडाले जन्मदर्ता १९२ वटा, मृत्युदर्ता ३३ वटा, विवाह दर्ता ४२ वटा, बसाइसराइ दर्ता १६ वटा ( सरि आएको र गएको ) र सम्बन्ध विच्छेद दर्ता ८ वता गरि जम्मा २९१ घटना दर्ता गरेको थियो ।

### सामाजिक सुरक्षा तर्फ :

नेपाल सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता लिनेहरु अन्य जेष्ठ नागरिक तर्फ २२८ जना, दलित जेष्ठ नागरिक तर्फ २६ जना, एकल महिला जेष्ठ तर्फ २८ जना, विधुवा तर्फ ४९ जना, क्षेत्र तोकियका वालवालिका तर्फ २४० जना, दलित वालवलिका तर्फ २९ जना, पुर्ण अपांग तर्फ ४ जना र अति अशक्त अपांग तर्फ १२ जना गरि जम्मा ६१६ जनाले सेवा लिइ रहनुभएको थियो ।

यसरी विभिन्न काम काज गर्दै गर्दा धेरै प्रकारका वाधा तथा समस्या हरु आए पनि यस वडा कार्यलयले आ.व. २०८०।०८१ को विभिन्न काम हरु सम्पन्न गर्न सफल भएको छ ।

# चालु तर्फ खर्च भएको रकम तथा शिर्षक : ३५००००।

| क.सं. | शिर्षक | विनियोजित रकम | जम्मा खर्च भएको रकम |
|---|---|---|---|
| १ | पदाधिकारी वैठक भत्ता | रु. १०००००। | रु. १०००००। |
| २ | संचार महसुल | रु. १००००। | रु. १००००। |
| ३ | इन्धन कार्यलय प्रयोजन | रु. ५००००। | रु. ५००००। |
| ४ | सवारी साधन मर्मत | रु. २००००। | रु. २००००। |
| ५ | कार्यलय सन्चालन तथा मसलन्द खर्च | रु. ३००००। | रु. ३००००। |
| ६ | भ्रमण खर्च | रु. १०००००। | रु. १०००००। |
| ७ | विविध खर्च | रु. ४००००। | रु. ४००००। |
| | **जम्मा** | | **रु.३५००००।** |

## पुजिगत तर्फ खर्च भएको रकम तथा शिर्षक :

१) पशुको उपचार सम्बन्धि औषधि खरिद  : ५०,०००।





## २) कृषि तथा पशु डिप्लोमा तह सम्मका विभिन्न दलित र एस.इ.इ मा राम्रो अंक ल्याउने विद्यार्थीहरुलाई छात्रवृत्ति : रु ,३०००००।

| क. स. | विद्यार्थीको नाम थर | ट्रेड | वर्ष | जम्मा | खता नं | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पुनम वली | भेट | प्रथम | ४३०००। | | |
| २ | बविता रोका | भेट | प्रथम | ४२०००। | | |
| ३ | सर्मिला घर्ति | प्लान्ट | दोस्रो | ४३०००। | | |
| ४ | मिलन खड्का | प्लान्ट | दोस्रो | ४३०००। | | |
| ५ | प्रकाश वि.क. | प्लान्ट | दोस्रो | ४३०००। | | |
| ६ | सीलास परियार | भेट | प्रथम | ४३०००। | | |
| ७ | गीता घर्ति | भेट | प्रथम | ४३०००। | | |
| | **जम्मा** | | | ३०००००। | | |

## ३) हिउदे तथा वर्षे तरकारिको विउविजन खरिद तथा वितरण : रु ५०,०००।





# ४) ५ नं वडाभरि वृक्षारोपन कार्यक्रम : रु १५०,०००।












# ५) अपाङ्गहरुलाई सम्मान कार्यक्रम रु ५०,००० ।









# ६) छङ्के देउराली युवाकल्व खेलकुद कार्यक्रम १५०,०००।






# ७) जनता सँग वडा अध्यक्ष भेटघात कार्यक्रम : रु १२५,०००।










# ८) पञ्चेवाजा समुहको लागि पोषाक खरिद::रु ५०,००० ।





## ९) जनयुद्द दिवसको अवसरमा पुर्खेउली सँस्कृतिक सम्वर्धन तथा सँरक्षण कार्यक्रम:रु १००,०००।









# १०) महिला हरुको लागि तिज विषेश कार्यक्रम :५०,०००।








# ११) व्यवसायिक कृषक समुहहरुको क्षमता विकास तालिमःरु ५०,०००।






# १२) राट्रिय वाल दिवशको अवसरमा वालवालिकाको  लागि क्षमता विकासको लागि रचनात्मक कार्यक्रम रु ५०,००० ।







# १३) विभिन्नखाले जनचेटना मुलक सडक नाटक कार्यक्रम:रु ५०,०००।







१४) स्वास्थ्य आमा समुहलाई अपुग परिचयपत्र वितरण साथै महिला स्वयमसेविकालाई सम्मान कार्यक्रम रु ७५,०००।







## १५) विभिन्न कारणले शिक्षा वाट बञ्चित वालवलिकालाई आँशिक छात्रावृत्ति वितरण कार्यक्रम रु १००,०००।





# लैङगिक हिम्सा विरुद्द को १६ दिने अभियान कार्यक्रम रु १०,०००।







# अन्य योजना अनुगमन ................





खेलकुदमैदान निर्माण साविक ६



खेलकुदमैदान निर्माण साविक ८





खेलकुद मैदान निर्माण जैपा




वालउत्थान प्रा.व.वि. जैपा शौचालय मर्मत



धमाचौर मरावाङखोला स्लाव निर्माण योजना





वर्थिङ सेन्तर घेरवार र जनकल्याण मा.वि. फर्निचर निर्माण योजना अनुगमन





जैमानेखोला भालुकोट खानेपानी




श्री भानुभक्त आ वि ट्याम लामिडाडा घेरवार निर्माण र भालुखोरे चुन्वाङखोला तटवन्धन निर्माण योजना





शहिद प्रतिक्षालय मौलावोट र जनकल्याण प्रावि फर्निचर निर्माण





श्री ने रा आधारभुत विद्यालय घेरवार परिवर्तन ५ र भालुकोट गोरीचौर खा.पा.मर्मत योजना







रानिकोट भैसिकोट खानेपानी योजना





दाउनेभिर दलित टोल खा.पा

# सकरात्मक पक्ष

- परिवर्तन गाउँपालिका वडा नं. ०५ ले सामाजिक विकास अर्न्तगत गरेको कार्यक्रम मध्ये सबैभन्दा महत्वपूर्ण कार्याक्रम शिक्षाको कार्यक्रम हो । जुन विद्यार्थीपढाईमा राम्रो हुदा हुदै प्राविधिक शिक्षा हासिल गर्ने चाहना हुदाहुदै विद्यालय छाड्नु पर्ने बाध्यतालाई छात्रावृत्ति प्रदान गरी प्राविधिक शिक्षाबाट बन्चित हुनु पर्ने अवस्थाको अन्त्य गराउने कोसिस गरिएको छ।

- पशुपालनमा विशेषत बाख्रा पालनमा हिजोको सोचबाट माथि उठेर उन्नत जातको बाख्रा पालन गरी व्यवसायिक कृषक बन्नु पर्दछ भन्ने सोचको विकास भईरहेको छ ।
- प्रधानमन्त्रि रोजगार कार्यक्रमबाट बजेट पहल गरि विभिन्न,कार्याक्रमहरु मध्ये सघिय सरकार प्रदेश सरकार र स्थानिय सरकारको ऐनमा टेकेर धेरै जनालाई रोजगारी दिन सफल भएका छौं ।

- स्वास्थ्य चौकीबाट उपलब्ध गराईने औषधीलाई कुनै पनि अवस्था र परिस्थितिमा कमी ल्याउन नदिई सेवा प्रवाहलाई थप व्यवस्थित ,चुस्त र दुरुस्त गर्ने कोशीस गरिएको छ ।

- बालविबाहलाई सामाजिक रुपमा उन्मुलन गर्नु पर्दछ भन्ने उद्देश्य र लक्ष्यको साथ सुरु गरेको अभियान आजसम्म आई पुग्दा राजनैतिक दल,शिक्षक,बुद्धिजिवि,आमा समुह ,महिला स्वयमंसेविका लगायत सबैको साथसहयोगको कारणले हिजोको भन्दा सुधार भएको र विस्तारै सरकारको मात्र नभएर सबैको अभियान हो भन्ने महत्व बोध हुदै गएको छ ।

- मदिरा नियन्त्रण अभियानले परिवर्तन गाउँपालिका वडा न ०५ मा मुर्तरुप ग्रहण गर्दै गएको छ र विगतका दिनमा भन्दा आज जहाँ पायो त्यहि,जति पायो त्यति ,जतिखेर पायो त्यतिखेर खाने, खुल्ला रुपमा किनबेच गर्ने अवस्था बिस्तारै नियन्त्रण हुँदै  सभ्य समाज निमार्णको अभियानमा मदिरा नियन्त्रण हुदैं गइरहेको देखिन्छ ।

- पूर्वाधार विकासको महत्वपूर्ण पाटो भनेको सडक सञ्जाल विस्तार र सडक सञ्चालन हो यस दिशामा जानको लागी सडक सन्जाल विस्तारका लागी प्रदेश र गाउँपालिका सँग सम्झौता गरी घना वस्ति भौगोलिक विकटता भएको ठाँउमा सडकको पहुच पुर्‍याउने कोशिस गरिएको छ । सडक नपुगेको ठाउँमा केहि हद सम्म सडक पुगेको छ  र स्तरउन्नत्ति गरेर बाह्रै महिना सवारी साधन चल्ने बनाउन सडकको स्तरउन्नति गरेर अगाडि बढ्ने वडाले सोच बनाएको छ ।

- नेपाल सरकारबाट प्रदान गरिने सामाजिक सुरक्षा भत्ताको नविकरणमा देखिएको कमिकमजोरी लाई हताई व्यवस्थित रुपले नविकरण गर्ने प्रक्रियाको शुरुवातले सेवा ग्राहिमा थप विश्वास पैदा भएको छ ।

- वडाको सक्रिय पहलमा वडा भरी वनेका सडकहरुको मर्मत सम्भार कार्यले गर्दा वडा कार्यलय र गाउँपालिका कार्यलय सम्म जोड्ने बाटोलाई नियमित चल्ने बनाउन सफल भएको छ ।

- ०५ नं वडाका टोल विकास संस्थाहरु व्यवस्थित र सक्रिय हुदा प्रत्यक्ष रुपमा जनताका समस्याहरु सरकार सँग जोडिदा राम्रो प्रभाव परेको छ ।

- सिमित रुपमा भए पनि खानेपानीको समस्या समाधान भएको छ ।

# नकरात्क तथा कमजोर पक्ष

- वडाले सञ्चालन गरेको सामाजिक अभियान बाल विवाह,मदिरा नियन्त्रण र पूर्ण सरसफाईलाई सबैले सबैको लागी हो भन्ने अपनत्व ग्रहण अझै गराउन नसक्नु र यो कार्य गर्ने जिम्मा वडा सरकारको हो भन्ने बुझाई बन्नुलाई कमजोरी को रुपमा लिन आवश्यक छ ।

- कृषिमा लगानी गर्दा व्यक्तिगत होइन समुहगत गर्ने हाम्रो होइन राम्रो गर्ने लाई गर्ने भन्ने मान्यता स्थापित गर्न नसक्दा कहि न कहि अनुदान प्रवाह गर्दा त्यसको परिणम सोचे जस्तो नआएका कुरा स्वीकार गर्दै सच्याउदै जान आवश्यक छ ।

- हरेक योजनाको अनुगमन र मुल्याङ्कन पाटोलाई गत सालतिरको भन्दा थप सुधार गरेता पनि अझै सुधार गर्दै जाने कार्य लाई गुणस्तर र दिगो बनाउदै लैजानु पर्ने देखिन्छ ।

- ४) खानेपानी तथा सरसफाईको क्षेत्रमा नँया निर्माणका लागी बजेटको व्यवस्थापन भएर निर्माण हुदै गएपनि मर्मत सम्भारको लागी उपभोक्ता समितिको ध्यान समयमै नजाँदा केहि सालमै जिर्ण हुने प्रक्रियालाई तुरुन्तै सच्याउन आवश्यक छ ।

- उपभोक्ता समिति गठन गर्दा उपभोक्ता हरुनै सक्रिय नदेखिदा समिति बाट हुने काम व्यवस्थित तरिकाले हुन नसकेको पाइन्छ यसलाई सुधार्न जोड गर्ने देखिन्छ ।

- वडा कार्यालयले पठाएका सुचना सन्चार अनुसार जिम्यवारी व्यक्तिहरु समयमा सहभागी नहुदाँ ईमान्दार व्यक्ति लाई असर र सोचे अनुसारको काम कार्य न नहुनू लाइ पनि नकरात्मक पक्षको रुपमा लिन सकिन्छ।

- ०५ नं वडाका टोल विकास संस्थाहरु केहि स्थानका टोल विकास सस्थाका जिम्मेवारी सक्रिय नहुदा केहि स्थानमा समस्य देखिएको महशुस भएको छ र यसलाइ सच्याउन जरुरि देखिन्छ।

# आगामि योजना

- पालिकाले तोकेको समय सिमामा नै समिति गठन गरि योजना सम्झौता गर्ने ।
- सम्झौता गरे लगत्तै काम सुरु गराउने
- सेवा प्रवाहलाई थप सरल सहज र जनमुखि बनाउने
- अनुगमनलाई अझ प्रभावकारि बनाउने
- आगामी वर्षमा भारि वर्षाको कारणले वाढी पहिरोले गरेका क्षतिहरुलाई सम्बन्धित निकायमा पहल गर्ने

# धन्यवाद ।

# बार्षिक समिक्षा २०८०/८१

## परिवर्तन गा.पा.६ नं.वडा कार्यालय नाफे रोल्पा

# परिवर्तन गाउँपालिका ६ नं. वडा कार्यालय नाफे रोल्पा



# आ.व. २०८०/८१ मा परिवर्तन गा. पा. ६ नं. वडा कार्यालय नाफेले योजना छनोट गरी विनियोजन गरेका योजनाहरुको प्रगति विवरणः-

| सि.नं. | योजनाको नाम | विनियोजित रकम | |
|---|---|---|---|
| १) | कमेरे खोला मुहान संरक्षण | रु.५०,०००।- | |
| २) | सिमखोला खानेपानी ट्याङ्की निर्माण र पाईप खरिड | रु.२,०००००।- | |
| ३) | ओह भलाखर्क झिम्माङ हुदै माडि गा.पा. जोड्ने मोटरबाटो निर्माण | रु.२०००००।- | |
| ४) | ईलाका प्रहरी कार्यालय ब्यबस्थापन | रु.२५०००।- | |
| ५ | मैवाङ खानेपानी ट्याङ्की निर्माण | रु.२०००००।- | |

| | | | |
|---|---|---|---|
| ६ | गोड्य दुईखोली चप्का खानेपानी निर्माण तथा पाईप खरिद | रु.१०००००।- | |
| ७ | कर्तम धाराखोला सिचाई ट्याङ्की  निर्माण तथा पाईप खरिद | रु.१३००००।- | |
| ८ | ईरिवाङ डाँडा खानेपानी मर्मत | रु.१७५०००।- | |
| ९ | प्र.वि. थानेकोट भवन मर्मत | रु.७५०००।- | |
| १० | ल्यालमा खानेपानी मुहान संरक्षण | रु.५००००।- | |
| ११ | स्यामखोला खानेपानी ट्याङ्की निर्माण | रु.५००००।- | |
| १२ | ह्यकलाङ खरिखोला खापानी ट्याङ्की मर्मत | रु.५००००।- | |
| १३ | भंगाली खानेपानी ट्याङ्की मर्मत | रु.५००००।- | |
| १४ | सुकिदह युवा क्लव खेलकुद ब्यबस्थापन | रु.१२००००।- | |
| १५ | ऋाभारभुत स्वास्थ्य केन्द्र नाफे ब्यबस्थापन | रु.४००००।- | |

| | | | |
|---|---|---|---|
| १६ | सामुदायिक स्वास्थ्य केन्द्र नाफे ब्यबस्थापन | रु.४००००।- | |
| १७ | महिलाहरुको तीज बिशेष कार्यक्रम | रु.५००००।- | |
| १८ | आरन ब्यबस्थापन | रु.५००००।- | |
| १९ | सदगुरु माता मन्दिर ब्यबस्थापन | रु.४००००।- | |
| २० | ६ नं. वडा कार्यालय ब्यबस्थापन | रु.४०६७००।- | |
| २१ | ६ नं. वडा भरी स्टेचर खरिद | रु.५००००।- | |
| | जम्मा रकम | रु.२१५१७००।- | |
| | | | |

**आ.व. २०८०/८१ म परिवर्तन गा.पा. ६ नं. वडा कार्यालयको लागि परिवर्तन गाउँपालिकाको कार्यालय र लुम्बिनी प्रदेश सरकारबाट विनियोजन भई सम्पन्न भएका योजनाहरु :-**

| क्र.स. | योजनाको नाम | रकम | कै. |
|---|---|---|---|
| १ | माडिखोला तत्बन्धननिर्माण ओवाङ | रु.८०००००।- | |
| २ | मडि गा.पा.भलाखर्क,जसरामकोट,नाफे,थुनिकोट,खलडाँडा,झिङ्जा हुदै गुराँसे जोड्ने मोटर बाटो निर्माण | रु.६००००००।- | |
| ३ | खलडाँडा, ईरिवाङ डाँडा, झिङ्जा,पाखेपानी,गुराँसे जोड्ने मोटर बाटो निर्माण | रु.९०००००।- | |
| ४ | नेपाल राष्ट्रिय मा.वि. कोहलबोट नाफे घेरबार निर्माण | रु.५०००००।- | |
| ५ | प्र.वि. चावाङ फिल्ड निर्माण | रु.२०००००।- | |

| | | | |
|---|---|---|---|
| ६ | ६ नं. वडा भवन मा मेसिनरी वाल निर्माण | रु.१०००००।- | |
| ७ | उत्तिसखोला, थाडो टोल, साहुदेरा मोटरबाटो निर्माण | रु.१५००००।- | |
| ८ | ओवाङ कलवर्त निर्माण | रु.४०००००।- | |
| | जम्मा रकम | रु.९९५००००।- | |

## आ.व. २०८०/८१ मा परिवर्तन गा.पा. ६ नं. वडा कार्यालयलाई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजन भई छनोट गरी सम्पन्न भएका योजनाहरु

| क्र.स. | योजनाको नाम | रकम | कै. |
|---|---|---|---|
| १ | गुराँसे पर्यतन स्थल राकमा धुरी मन्दिर जोड्ने गोरेटो बाटो निर्माण | रु.१५३४०७.६७/- | |
| २ | धुमखुसी सुकिदह गुरिल्ला ट्रेक मार्ग निर्माण | रु.१५००००/- | |
| ३ | धलम्पु स्वास्थ्य खलडाडाँ सम्म गोरेटो बाटो मर्मत | रु.५००००/- | |
| ४ | पिपलडाडाँ,मैवाङ सम्म गोरेटो बाटो मर्मत | रु.५००००/- | |
| ५ | वडा कार्यालयको फिल्ड मर्मत तथा वडा भवन देखि कोटदेरा सम्म गोरेटो बाटो मर्मत | रु.३१६९६८.७४/- | |
| | जम्मा रकम | रु.७२०३७६.४१/- | |

# परिवर्तन गा.पा. ६ नं. वडा कार्यालयबाट उठेको राजश्व तथा आमदानी विवरण

| क.स. | राजश्व शिर्षक | रकम | कै. |
|---|---|---|---|
| १ | भुमिकर/मालपोत | रु.१३८३७२.४६।- | |
| २ | अन्य प्रशासनिक सेवा शुल्क | रु.२१८९०।- | |
| ३ | सिफारिस दस्तुर | रु.१४१९००।- | |
| ४ | ब्यक्तिगत घतना दर्ता दस्तुर | रु.३३८००।- | |
| ५ | नाता प्रमाणित दस्तुर | रु.७८००।- | |
| ६ | अन्य दस्तुर | रु.३०००।- | |
| | जम्मा रकम | रु. ३४६७६२.४६।- | |

# धन्यवाद